


नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily



मधेशका हेभिवेट नेताहरु......
पृष्ठ २ मा

वर्ष १ • अंक १२ • २०७९ साल मंसिर ५ गते सोमवार • Monday 21 Nov. 2022 • पृष्ठ ८ • मूल्य रु. ५/-

# मधेशमा ६२.५ प्रतिशत मतदान

## गत निर्वाचनभन्दा ७ प्रतिशतले कम, ४ जिल्लामा विवाद



मधेशदृष्टि
जनकपुर, मंसिर ४

देशभर सहित मधेश प्रदेशमा पनि केही ठाउँमा छिटफुट घटना सहित शान्तिपूर्ण तथा भयरहित वातावरणमा आइतवार प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्यको मतदान सम्पन्न भएको छ ।

बिहानी ७ बजेदेखि दिउंसो ५ बजेसम्म भएको भएको मतदानमा मधेश प्रदेशमा ६२ दशमलव ५ प्रतिशत मत खसेको प्रारम्भिक जानकारी प्राप्त भएको छ ।

प्रदेशको आठवटै जिल्लामा ६२.५ प्रतिशत मत खसेको प्रारम्भिक जानकारी आएको प्रदेश निर्वाचन कार्यालयले जनाएको छ । आयोगका अनुसार सबभन्दा बढी बारा जिल्लामा र सबभन्दा कम पर्सा जिल्लामा मतदान भएको हो ।

गत २०७४ को निर्वाचनमा मधेश प्रदेशमा ६९.७० प्रतिशत मतदान भएको थियो । गत निर्वाचनभन्दा झण्डै ७ प्रतिशत मतदान कम भएको हो । कम मतदान हुँदा मतदानप्रति मतदाता उत्साहित नभएको विश्लेषण गर्न थालिएको छ । गठबन्धन भएका कारण सिमित उम्मेदवार भएकाले मतदाताहरु आफू अनुरुपको उम्मेदवार नपाएको कारणले मतदान गर्न नरुचाएको स्थानीय बुद्धिजीवहरुको बुझाई छ ।

स्थानीय बुद्धिजीवी सुरेन्द्र यादवले भन्छन राजनीतिक वितृष्ण, दलहरु मुद्दा विहिन हुनु र गठबन्धनका कारणले मतदाताहरु मतदानप्रति उत्साहित नभएको हो । उनले भने पछिल्लो निर्वाचनबाट निर्वाचित मतदाताहरुले खासै केही नगरी सत्ता बनाउने र खसाउने खेलमा लागेकाहरु गठबन्धनबाट फेरी उम्मेदवार बनेपछि राजनीतिक वितृष्णाले मतदाताहरु मत खसाल्न नरुचाएको हो ।

प्रदेशको धनुषा जिल्लामा ६२ प्रतिशत मत खसेको मुख्य निर्वाचन अधिकृत ब्रजेश प्याकुरेलले जानकारी दिएका छन् । चारवटै निर्वाचन क्षेत्रमा मतदान स्थलबाट मतगणना स्थलसम्म मतपेटिकाहरु ल्याई सकिएको कारण सर्वदलीय बैठक पश्चात रातिदेखि नै मतगणना हुने जनाएको छ ।

महोत्तरीमा ६५ प्रतिशत मत खसेको मुख्य निर्वाचन अधिकृत हेमबहादुर सेनले बताएका छन् । त्यस्तै, प्रदेशको सर्लाही जिल्लामा ६० प्रतिशत मत खसेको मुख्य निर्वाचन अधिकृत कविप्रसाद न्यौपानेले जानकारी दिए । प्रारम्भिक जानकारी अनुसार रौतहटमा ६५ प्रतिशत मत खसेको मुख्य निर्वाचन अधिकृत मातृका मरासिनीले बताएका छन । उनका अनुसार सर्वदलीय बैठक पश्चात सहमति आइतवार रातिदेखि नै भए भोली बिहानदेखि मतगणना हुनेछ ।

त्यस्तै बारामा ६८ प्रतिशत मत खसेको मुख्य निर्वाचन अधिकृत पूर्णेश्वर प्रसाद उपाध्यायले जानकारी दिएका छ भने पर्सामा भने ५५ प्रतिशत मत खसेको प्रारम्भिक जानकारी आएको मुख्य निर्वाचन अधिकृत विनोद कुमार पोखरेलले जानकारी दिएका छन् ।

उता, सिरहामा ६० प्रतिशत मत खसेको मुख्य निर्वाचन अधिकृत काजीबहादुर राईले जानकारी दिएका छन् । सप्तरीमा ६२ प्रतिशत मत खसेको मुख्य निर्वाचन अधिकृत हेमन्त रावलले जानकारी दिएका छन् ।

प्रदेशका ४ जिल्लामा विवाद

सम्पन्न प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनको क्रममा मधेश प्रदेशको चारवटा जिल्लामा झडप भएको छ । सो क्रममा गोली चल्नुका साथै सामान्य झडप भएको प्रहरीले जनाएका छन् ।

मतदान अवधिमा प्रदेशका ८ जिल्ला मध्ये ४ जिल्लामा सामान्य विवाद तथा झडप भएको मधेस प्रदेश प्रहरी कार्यालय जनकपुरले जनाएको छ ।मधेश प्रदेश प्रहरी कार्यालय जनकपुर

बाँकी पृष्ठ ६ मा

# धनुषामा १०५ का मनक र ९८ कि इन्दिराले गरिन् मतदान

मधेशदृष्टि
जनकपुर, मंसिर ४

आइतवार सम्पन्न प्रतिनिधि सभा र प्रदेश सभा सदस्यको निर्वाचनमा धनुषाको जनकपुरधाम उपमहानगरपालिकामा १ सय५ वर्षका एक वृद्धले पनि मतदान गरेका छन ।जनकपुरधाम उपमहानगरपालिका-११ बस्ने मनक दासले त्यहाँको जनता प्रावि मतदान केन्द्रबाट मतदान गरेका हुन् ।मतदाता परिचयपत्रमा उल्लेख जन्ममितिका अनुसार आफू ९६ वर्षको रहेपनि आफ्नो उमेर १०५ वर्ष रहेको उनले बताए ।

मनकले आफूले उत्साहपूर्ण रुपमा मतदान प्रक्रियामा सहभागी भई आफ्नो क्षेत्रका लागि सक्षम जनप्रतिनिधि चयन गर्न आफ्नो मतको सदुपयोग गरेको बताए । संचारकर्मीसँग कुरा गदै ' मनकले आफू पंचायती व्यवस्थाकालदेखि नै मतदान गर्दै आएको बताए ।

उनले पंचायती व्यवस्थादेखि लोकतन्त्रको व्यवस्थासम्म प्रत्येक निर्वाचनमा मतदान गरेपनि देश बनाउन सक्ने अहिलेसम्म पाउन नसकेको गुनासो गरे । उनले भने चाहे अनुसारको उम्मेदवार नभएपनि आफ्नो मताधिकार प्रयोग गर्न मतदान गर्दै आएको छु ।

त्यस्तै धनुषाको मुखियापट्टी मुसहरनिया गाउँपालिकामा एक ९८ वर्षीया बृद्धाले मतदान गरेकी छन् ।

मुखियापट्टी मुसहरनिया गाउँपालिका-४ तुलसियाही बस्ने ९८ वर्षीया इन्दिरा देवी ठाकुरले तुलसियाही-४ स्थित बैद्यनाथ देव जनता माविस्थित मतदान केन्द्रमा आफैं पुगेर मतदान गरेको उनका छोरा कविन्द्रनाथ ठाकुरले जानकारी दिएका छन् । इन्दिराले आफू विगत ७० वर्षदखि देशको हरेक मतदान प्रक्रियामा सहभागी हुँदै आएको बताइन् । उनले आफ्नो क्षेत्रका लागि जनप्रतिनिधि चयन गर्न पाउँदा आफू अत्यन्त हर्षित भएकोसमेत बताइन् ।



# सबभन्दा बढी बारामा मतदान

मधेशदृष्टि
बारा, मंसिर ४

बारामा प्रतिनिधि तथा प्रदेशसभा सदस्य निर्वाचन शान्तिपुर्ण ढंगले सम्पन्न भएको छ ।

जिल्लाको ४ वटा प्रतिनिधि र ८ वटा प्रदेशसभा सदस्य निर्वाचनका लागि ५५५ स्थानमा शान्तिपुर्ण ढंगले सम्पन्न भएको जिल्ला प्रशासन कार्यलय बाराले जनाएको छ । बाराका प्रमुख जिल्ला अधिकारी कृष्णबहादुर कटुवालले शान्तिपुर्ण ढंगले मतदान सम्पन्न भएर मतपेटिका संकलनको काम शुरु भईसकेको बताए ।

'सम्रग जिल्लाको अवस्था हेर्दा शान्तिपुर्ण ढंगले ६५ देखि ६८ प्रतिशत मत खसेको छ' प्रजिअ कटुवालले भने 'स्थानिय तह निर्वाचन भन्दा प्रतिनिधि तथा प्रदेशसभा सदस्य निर्वाचनमा सहभागिता अलि कम देखिए पनि कही धाँदली र लफडा भएको छैन् ।

आइतबार सम्पन्न भएको संघ तथा प्रदेश सभा सदस्य निर्वाचनमा नेपाली सेना, नेपाल प्रहरी,शसस्त्र प्रहरी, राष्ट्रिय अनुसन्धान र म्यादी प्रहरी गरेर ६ हजार बढी सुरक्षाकर्मी खटाईएको प्रजिअ कटुवालले जनाएका छन् ।

# डिमेन्सिया बिरामीको दुस्वप्न

लण्डन बस्ने डायने इभान्स (परिवर्तित नाम) हरेक दिन ८५ वर्षीय आमालाई फोन गर्छिन्। उनकी आमा वेल्समा बस्छिन्। उनी आमालाई हरेक दिन सोध्छिन्, ' आफ्नो हात नियमित रुपले धुन र अन्य व्यक्तिहरूसँग शारीरिक दूरी (सोसल डिस्ट्यान्स) कायम गर्न सम्झिरहनुभएको छ ?' यो प्रश्नले उनकी आमा सधैं अलमलिन्छन्। कोरोनो भाइरस महामारीका वेलामा हरेक दिन जीवनका सत्यहरू उत्साहहीन भएर झिँझोलाग्दो गरी त्यसैगरी बारम्बार सम्झाइ राखिएको हुन्छ। सुश्री इभान्स आमालाई कोभिड १९ भाइरस संक्रमण होलाकी भनेर हरेक दिन चिन्ता गर्छिन्।

उनकी आमाको अवस्था पहिलेदेखि नै खराब हुँदै गएकोमा मात्र होइन, उनले सामाजिक सम्पर्क र उनको जीवनलाई सहज बनाउन सहयोग गर्ने दिनचर्याहरू पनि बिर्संदै गएको हुनाले पनि उनी चिन्तित छिन्।

उनकी आमालाई डिमेन्सिया अर्थात् विस्मृतिको समस्या छ। यो एउटा गम्भीर र असाध्य अवस्था हो। शायद यसले ८ लाख ५० हजार बेलायती र विश्वका ५ करोड (५० मि) मानिसहरूलाई प्रभावित गरेको छ। यसका कारणहरू धेरै छन्, र गम्भीरताको दायरा पनि बृहत् छ।

शुरुशुरुमा बोधक्षमता ह्रास हुँदै जान्छ। बिर्सिन थाल्छ, कहिलेकाहिँ असामान्य क्षण पनि आउँछ। यो बढ्दै गएपछि यसले मानसिक चुस्तता र सम्झने क्षमतामा आक्रमण गर्न थाल्छ।

अन्ततः यसले व्यक्तिलाई शारीरिक रुपले सक्षम भए पनि आफ्नै स्याहारसम्भार गर्न नसक्ने बनाइदिन्छ। उनीहरूले पढ्ने, खाना पकाउने र किनमेल गर्ने क्षमता पनि गुमाउँछन्।

उनीहरूले पानी पिउन बिर्सिएर शरीरमा पानीको मात्रा घट्न सक्छ र संयमहीन हुन पनि सक्छन्। उनीहरू कहिलेकाहिँ भ्रममा पर्छन्, डराउँछन् र रिसाउँछन् पनि। सामान्यत उदास भएर बस्छन्। जागै भएका वेला उनीहरूलाई हेरचाह गर्नु आवश्यक हुन्छ र सुतेका वेला पनि विचार गरिरहनुपर्छ।

विस्मृतिका विभिन्न चरणमा रहेका हरेकलाई भाइरसबाट विशेष खतरा हुन्छ। त्यो सुरक्षा सतर्कता सम्झन वा चुनौती पहिचान गर्न नसकेका कारणले मात्र त्यस्तो भएको होइन।

उनीहरू अन्य खालका जोखिममा रहेका पनि हुनसक्छन्। विस्मृति मुख्यतः वृद्ध हुनुको मुख्य लक्षण हो भन्ने स्पष्ट छ र त्यो उमेर समूहलाई कोभिड १९ सबैभन्दा घातक हुने संभावना रहन्छ।

डिमेन्सिया भएकाहरू मध्ये केहीलाई वयस्क हुँदै लक्षणहरू विकसित भइसकेको हुन्छ। उमेर बढ्दै गएपछि अझ फैलिन्छ भन्ने शंकासमेत कसैले गर्दैन।

केही सर्वेक्षणहरूले ६५ देखि ६९ वर्षका २ प्रतिशतलाई डिमेन्सिया छ र यसको व्यापकता हरेक ५ वर्षमा दोब्बर हुँदै जान्छ। ९० वर्षसम्म यो क्रम चलिरहन्छ भन्ने देखाएको छ। त्यस्तै अर्को सर्वेक्षणले ८५ वर्ष उमेरका लगभग ३.५ प्रतिशतलाई डिमेन्सिया छ भनेर धेरैले उद्धृत गरेका छन्।

यस्तो अवस्था हुनुका विभिन्न कारणहरू छन्। धेरै देखिने चाहिँ अल्जाइमर्स रोग हो। यो ६० देखि ८० प्रतिशतसम्म छ तर यो दर्जनभन्दा बढी प्रकारको हुन्छ।

र जुनसुकै खालका स्वास्थ्य अवस्थामा रहेका सबै मानिसमा डिमेन्सिया विकास हुनसक्छ। यो मानिसहरूलाई संक्रमणको जोखिममा पार्ने अन्य अवस्थाहरूसँग पनि सम्बन्धित रहेको देखिन्छ। शरीरको तौल अधिक भएका, अवसादमा रहेका, धूमपान गर्ने, उच्च रक्तचाप वा मधुमेह र व्यायाम नगर्नेहरूलाई डिमेन्सिया हुने जोखिम बढी रहन्छ। साथै शारीरिक कमजोरी पनि देखिन्छ।


डिमेन्सिया पीडित मानिसको हेरचाह गर्नुभनेको एकहातले काम गर्नु वा कठिन श्रम गर्नु जस्तै हो। घरमा बस्नेहरूले सामाजिक दुरीसम्बन्धी दिशानिर्देशहरू पालन गर्ने हो भने यो लगभग असम्भव हुनसक्छ। सामान्य हेरचाह पद्धति- दिनहुँ आउने आगन्तुक र दिवा स्याहार केन्द्रहरू- उपलब्ध नहुन सक्छ।

अलिकति मदत प्रविधिले गर्न सक्छ। उदाहरणका लागि सिंगापुरले केही

बाँकी पृष्ठ ६ मा



# मधेशका विभिन्न मतदानस्थलमा हेभिवेट नेताहरु र अन्य मतदाताले गरेको मतदान दृश्य















## विदेशी विनिमय दर

### Fixed Rate

| Currency | Unit | Buying | Selling |
|---|---|---|---|
| Indian Rupee (INR) | 100 | 160 | 160 . 15 |

### Open Market Rates

| Currency | Unit | Buying | Selling |
|---|---|---|---|
| USD (U.S. Dollar) | 1 | 130.40 | 131.00 |
| EUR (European Euro) | 1 | 135.26 | 135.88 |
| GBP (UK Pound Sterling) | 1 | 155.46 | 156.18 |
| CHF (Swiss Franc) | 1 | 137.06 | 137.69 |
| AUD (Australian Dollar) | 1 | 87.49 | 87.89 |
| CAD (Canadian Dollar) | 1 | 97.77 | 98.22 |
| SGD (Singapore Dollar) | 1 | 94.99 | 95.43 |
| JPY (Japanese Yen) | 10 | 9.32 | 9.36 |
| CNY (Chinese Yuan) | 1 | 18.32 | 18.40 |
| SAR (Saudi Arabian Riyal) | 1 | 34.69 | 34.85 |
| QAR (Qatari Riyal) | 1 | 35.65 | 35.81 |
| THB (Thai Baht) | 1 | 3.65 | 3.66 |
| AED (UAE Dirham) | 1 | 35.50 | 35.67 |
| MYR (Malaysian Ringgit) | 1 | 28.64 | 28.77 |
| KRW (South Korean Won) | 100 | 9.75 | 9.79 |
| SEK (Swedish Kroner) | 1 | 12.30 | 12.36 |
| DKK (Danish Kroner) | 1 | 18.19 | 18.27 |
| HKD (Hong Kong Dollar) | 1 | 16.67 | 16.75 |
| KWD (Kuwaity Dinar) | 1 | 423.65 | 425.60 |
| BHD (Bahrain Dinar) | 1 | 345.94 | 347.53 |

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### धनुषा (०४१)

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० |
| ५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४ | |
| | ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

### महोत्तरी (०४४)

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

## मन्दिरको समय

### रत्नसागर मन्दिर (प्रत्येक दिन)

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरती: | ८:०० बजे |
| भोगराज लाग्ने सयम: | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समय: | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समय: | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम: | १०:०० बजे |

### जानकी मन्दिर (प्रत्यके दिन)

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | नि:शूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझझा : | ०७:३० बजे |

### राम मन्दिर (प्रत्येक दिन)

| | |
|---|---|
| बिहान ढोका खूल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

## ----- राशिफल -----

**मेष - ARIES**
चु,चे,चो,ला,लि,लु,ले,लो,अ
एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ । बन्धु बान्धवबाट विशेष सहयोग मिल्नेछ । साँझपख शुभ समाचार आउन सक्छ ।

**वृष- TAURUS**
इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
वैदेशिक कार्य अघि बढ्नेछ । रोकिएका काम पुन: सुरु हुन सक्छन् । जोशजाँगर र उमङ्ग बढ्नेछ । शुभकार्यको चर्चा समेत चल्नेछ ।

**मिथुन - GEMINI**
का,कि,कु,घ,ङ,छ,के,को,ह
आज आफन्तको सफलता र प्रगतिमा मन रमाउनेछ । विचार, विद्या र बुद्धिको विकास हुनेछ । व्यावसायिक काममा राम्रै फड्को मार्न सकिनेछ ।

**कर्कट - CANCER**
हि,हु,हे,हो,डा,डि,डु,डे,डो
आज अनावश्यक ठाउँमा धन खर्च हुनसक्छ। नजिकका व्यक्तिबाट कार्यमा वाधा आइपर्ला। शेयर बजारमा लगानी गर्नु उपलब्धीमूलक नहोला ।

**सिंह - LEO**
मा,मि,मु,मे,मो,टा,टि,टु,टे
ाज विपरित वर्गबाट विशेष सहयोग मिल्नेछ। जोशजाँगर र हिम्मत बढ्नेछ । बिनाप्रतिस्पर्धा फाइदा हुने योग छ। ताकेको कार्य पुरा होला ।

**कन्या - VIRGO**
टो,प,पि,पु,ष,ण,ठ,पे,पो
सामाजिक कार्यमा रुचि बढ्नेछ । अरुलाई प्रभावित पारेर काम बन्नेछ । श्रमको उचित मल्याङ्कन हुनेछ । मिष्ठान्न भोजनको अवसर मिल्नेछ ।

**तुला - LIBRA**
र,रि,रु,रे,रो,ता,ति,तु,ते
आज नयाँ कामको थालनी हुनेछ । राजनैतिक कार्यमा सफलता मिल्नेछ । शुभ कार्यको चर्चा चल्नेछ । बन्धु बान्धवबाट सहयोग मिल्नेछ ।

**वृश्चिक - SCORPIO**
तो,ना,नि,नु,ने,नो,या,यि,यु
आज लाभहानी, सुखदु:ख बराबरी खालको समय छ । सद्विचारले अभिप्रेरित हुनेहरूलाई बिस्तारै लाभ मिल्नेछ । ज्ञानमा वृद्धि पनि हुनेछ ।

**धनु- SAGITTARIUS**
ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
इच्छा र आकाङ्क्षा पूर्ण हुनेछन् । छोटो दुरीको लाभदायक यात्रा हुनेछ। मित्र वा आफन्तको सहयोग मिल्नेछ । तीर्थाटनको योग पनि छ ।

**मकर - CAPRICORN**
भो,ज,जि,खि,खु,खे,खो,गा,गि
अरुलाई प्रभावित पारेर काम बन्नेछ । कार्य सम्पादनमा सहजता मिल्नेछ। मन मिल्ने प्यारो साथीसँग भेट होला। नयाँ काम सुरु गर्ने मौका छ ।

**कुम्भ - AQUARIUS**
गु,गे,गो,सा,सि,सु,से,सो,द
आदर्श व्यक्तिको सहकार्यले नयाँ अनुभव मिल्नेछ । आँटेको र ताकेको कार्य पुरा होला । शुभकार्यको चर्चा चल्नेछ । धर्मकर्ममा मन जानेछ ।

**मीन - PISCES**
दि,दु,थ,झ,ञ,दे,दो,च,चि
नयाँ कार्य वा रोजगारको अवसर मिल्नेछ । नयाँ कामको थालनी होला । मान प्रतिष्ठामा वृद्धि होला । आफन्तको प्रगतिमा मन रमाउनेछ ।

# संक्षेप समाचार

## बाजुरामा गोली लागेर एकको मृत्यु

बाजुराको त्रिवेणी नगरपालिका ७ स्थित दम्था मदतानस्थलमा सुरक्षाकर्मीले चलाएको गोली लागेर एक युवकको मृत्यु भएको छ ।
सो घटनामा परी अन्दाजी २५ वर्षीय सञ्जिव अएडीको मृत्यु भएको छ ।मृतकको शव अहिले मतदान स्थलमा रहेको विद्यालयमा राखिएको छ । घटनास्थलमा रहेका पत्रकार पारश विक्रम शाहले अएडीको मृत्यु भएको र घटनास्थलमा प्रहरीले हवाइ फायर गरेको जानकारी दिएका छन् ।
यस क्रममा प्रहरी हवल्दार कृष्ण कुँवरसहित तीन जना घाइते भएका छन् । घाइते हुनेमा स्थानीय पर्शुराम पाध्याया र खडक अएडी छन् । घाइते तीनै जनालाई अहिले नेपाली सेनाको हेलिकप्टरबाट काठमाडौं लगिएको छ ।
एक जना स्थानीयले मतपेटिका खोस्न खोज्दा उत्पन्न विवादपछि झडप हुँदा प्रहरीले हवाइ फायर गरेको बुझिएको छ । उक्त स्थानमा अहिले मतदान पनि रोकिएको छ।

## देशभर ११ जिल्लामा गोली चल्यो

आइतबार देशभरि शान्तिपूर्ण तथा भयरहित वातावरणमा निर्वाचनमा सम्पन्न भएको भनिएपनि निर्वाचनको क्रममा देशभरका ७७ मध्ये ११ जिल्लामा गोली चलेको छ ।
प्रतिनिधि तथा प्रदेशसभा सदस्य निर्वाचनको क्रममा चुनाव बिथोल्न खोज्ने प्रयास भएपछि प्रहरीले ११ जिल्लामा १०२ राउण्ड हवाइ फायर गरेको हो ।
रौतहट, सिरहा, चितवन, दोलखा, बाजुरा, डोटी, हुम्ला, दार्चुला, बझाङ, ताप्लेजुङ र स्याङ्जामा गोली चलेको नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता डीआईजी टेकप्रसाद राईले जानकारी दिएका छन् ।
डीआईजी राईले ११ जिल्लाका २४ स्थानमा १०२ राउण्ड हवाइ फायर भएको बताए । त्यस्तै, ७५ स्थानमा मतदानबारे विवाद र झडप भएको उनले जानकारी दिए ।

## महोत्तरी र सर्लाहीबाट ७ फर्जी मतदाता पक्राउ

प्रहरीले महोत्तरी र सर्लाहीका विभिन्न मतदान स्थलबाट ७ जना फर्जी मतदाता पक्राउ परेका छन् । महोत्तरीबाट ५ र सर्लाहीबाट २ जनालाई पक्राउ गरिएको हो ।
गौशाला नगरपालिकाको निगौल मतदान केन्द्रमा अन्य मतदाताको नाममा मतदान गर्न आएका सात जनाको समूहमा आएकाहरु मध्ये चारजनालाई प्रहरीले पक्राउ गरेको जनाएको छ ।
परिचयपत्र विना मतदान गर्न आएका ती ब्यक्तिलाई सोधखोज गर्दा अन्य व्यक्तीको नाममा मतदान गर्न आएको भनेपछि तिनीहरुलाई चेकजाँच गर्दा चार जनासँग मतदाता परिचयपत्र नै नरहेपछि नियन्त्रणमा लिइएको प्रहरी निरीक्षक रन्जन मिश्रले बताए ।
उनीहरूलाई अहिले इलाका प्रहरी कार्यालय गौशालामा राखेर अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ । पक्राउ परेका ब्यक्तीको नाम भने प्रहरीले खुलाएको छैन । पक्राउ पनेहरू सवै गौशालाका स्थानीय युवाहरु रहेको बुझिएको छ ।
जिल्लाको क्षेत्र न १ ख मा रहेको गौशाला नगरपालिका वडा ६ फुलकाहामा फर्जि मत खसाल्ने एक मतदातालाई नियन्त्रणमा लिएको प्रहरीले जानकारी दिएका छन ।
नियन्त्रणमा लिएको मतदाताको नाम अजोधि यादव रहेका र उनी संग सोधपुछ भईरहेको महोत्तरी प्रहरीले जनाएको छ ।उक्त मतदान केन्द्र जम्मा १९६७ मत रहेको भए पनि यो समाचार तयार पार्दा १२९८ मत खसेका थिए।
उता सर्लाहीमा अर्काको नाममा भोट हाल्न खोज्ने २ जनालाई प्रहरीले पक्राउ गरेको छ। सर्लाहीको वाग्मती र बलराबाट अर्काको नाममा मत खसाल्न खोज्ने २ जना पक्राउ परेको हो। सर्लाही प्रहरीका अनुसार पक्राउ पर्नेमा वाग्मती नगरपालिका १२ बथनीय प्रावि मतदान केन्द्रबाट मुस्कान मोक्तान र बलरा नगरपालिका ४ जब्दी प्रावि मतदान केन्द्रबाट आदित्य सिंह रहेको छ ।

## वीरगंज, जलेश्वर कैदीले मतदान गरे

प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनमा पहिलो पटक बीरगंज करागार लगायत देशै भरका कारागारहरुमा रहेका कैदीबन्दीले मताधिकारको प्रयोग गरेका छन् । मतदाता नामावलीमा नाम समावेश भई निर्वाचन कसुरमा सजाय पाएका बाहेकका कैदीबन्दीले प्रतिनिधिसभाको समानुपातिकतर्फ मतदान गर्न पाउने व्यवस्था गरिएको छ ।
यसैबीच, बीरगंज कारागारमा रहेका ३७ जना कैदीबन्दी मध्य ३६ जनाले मतदान गरेका छन् । मतदाता नामावलीमा एकजना कैदीबन्दीको नाम समावेश भएर आएपनि उनी निर्वाचन अघि नै जेलमुक्त भएपछि उनीबाहेक अन्य सम्पूर्णले मतदान गरेको वीरगंज कारगार प्रशासनले जनाएको छ । यसैगरी पर्साका कर्मचारीहरुले जिल्ला हुलाक कार्यालयमा रहेको अस्थायी मतदान केन्द्रमा मतदान गरेका छन् ।
यसैगरी महोत्तरीको जलेश्वर कारागारका २६ जना कैदिबन्दिलेप्रतिनिधि सभा सदस्य पदका लागि आइतबार भएको निर्वाचनमा मतदान गरेका छन्।
कारागार कार्यालय जलेश्वर महोत्तरी परिसरमै स्थापना गरिएको अस्थायी मतदान केन्द्रमा कैदीबन्दिले मतदान गरेको सहायक मतदान अधिकृत सञ्जय साहले बताएका छन ।
कैदिबन्दिले प्रतिनिधि सभा सदस्य पदका लागि समानुपातिकतर्फ मतदान गरेको सहायक मतदान अधिकृत साहले बताए।जलेश्वर कारागारभित्र कारागारमा रहेका २६ जनाले प्रतिनिधि सभा सदस्य पदका लागि समानुपातिक तर्फको मतपत्रमा गोप्य मतदान गरेका हुन् ।

# सिरहामा शान्तिपूर्ण मतदान सम्पन्न, भोलीमात्र मतगणना सुरु हुने

मधेशदृष्टि
सिरहा, ४ मंसिर ।
सिरहामा आज सम्पन्न प्रदेश तथा प्रतिनिधीसभा निर्वाचनमा ६० प्रतिशतभन्दा बढी मतदान भएको छ। अहिलेसम्म प्राप्त र बढीमा ७५ प्रतिशतसम्म मतदान भएको पाइएको छ।
जिल्लाका सवै मतदान स्थलहरुमा शान्तिपूर्णरुपमा मतदान भएको प्रमुख जिल्ला अधिकारी लालबाबु कवाडीले



सुचनाको आधारमा जिल्लाको २२१ म्तदान स्थल र ५०५ मतदान केन्द्रहरुबाट ६० प्रतिशतभन्दा बढी मतदान भएको जिल्ला निर्वाचन कार्यालयले सिरहाले जनाएको छ ।
जिल्ला निर्वाचन कार्यालय सिरहाका सूचना अधिकारी गनपैत यादवका अनुसार अहिलेसम्म प्राप्त मतदानकेन्द्रहरुको मत परिणाम अनुसार कम्तिमा ६० जानकारी दिए। उनले जिल्लाको कर्जन्हा नपा ६ निर्वाचन स्थलबाहेक सवैठाउँमा सामान्य रुपमा मतदान भएको जनाए।
कर्जन्हा नपा ६ मा विहानै मतपेटिका राख्ने विषयमा दलका प्रतिनिधीहरुसँग भएको विवाद नियन्त्रण गर्न प्रहरीले ३ राउण्ड हवाई फाएर गर्नु परेको थियो ।
आइतबार सवै मत पेटिकाहरु म्तगणणास्थलसम्म पुर्याएर भोलीमात्र मत गन्ने मूख्य निर्वाचन अधिकृत काजीवहादुर राईले जानकारी दिए। उनका अनुसार राती ढिलो चाडो सवै ठाउँको मतपेटिका मतगणणास्थलसम्म ल्याएपछि भोलीबाट गणणा गर्ने योजना बनिरहेको जनाए।
सिरहा क्षेत्र नम्वर ३ का निर्वाचन अधिकृत समेत रहेका राईले यो क्षेत्रकाका सवै उम्मेदवार र दलका प्रतिनिधीलाई नेताहरुलाई भोली विहान १० बजे वैठकको लागि बोलाईएको बताए। उनीहरुसँगको छलफलपछि ११ बजेबाट मतगणणा गर्ने योजना बनेको बताए । जिल्लाको क्षेत्र नम्वर १ को मतगणणा लहानस्थित दुलिचन अतिथी सदन, क्षेत्र नम्वर २ को धनगढीमाई नगरपालिकाको प्रशासकिय भवन, क्षेत्र नम्वर ३ को चन्द्र माध्यमिक विद्यालय सिरहा र क्षेत्र नम्वर ४ को मतगणणा मिर्चैयास्थित मोहन माध्यमिक विद्यालयमा हुने मूख्य निर्वाचन अधिकृत राईले जानकारी दिए ।
जिल्लामा प्रतिनिधिसभाका ४ र प्रदेश सभा ८ क्षेत्रहरु रहेको छ। जिल्लामा २ लाख २४ हजार ९९ पूरुष, १ लाख ९८ हजार ६११ महिला र २ अन्य मतदाता सहित जम्मा ४ लाख २२ हजार ७१२ मतदाता रहेका छन् ।

# सर्लाहीमा शान्तपूर्ण मतदान सम्पन्न, ६० प्रतिशत मत खस्यो मतदातामा उत्साह देखिएन

घनश्याम बलम्पाकी
सर्लाही, मंसिर ४ गते ।
छिटफुट बिवाद बाहेक सर्लाहीमा शान्तपूर्ण रुपमा मतदान सम्पन्न भएको छ ।
जिल्ला निर्वाचन कार्यालय सर्लाहीका प्रमुख निर्मल पो



खरलले विगतको निर्वाचन भन्दा यो निर्वाचन जिल्लाको ३१२ वटा मतदानस्थल अन्तर्गत ६०० वटै मतदान केन्द्रमा सौहार्दपूर्ण वातावरणमा मतदान सम्पन्न भएको जानकारी दिए ।
निर्वाचन कार्यालयका प्रमुख पोखेलका अनुसार सर्लाहीमा ६० प्रतिसत मत खसेको बताए ।
यहाँका मतदान केन्द्रमा बिहान मतदाताको उपस्थिति कम देखिए पनि दिउँसोपछि भने प्रत्येक मतदान केन्द्रमा मतदाताको उपस्थिति बाक्लिदै गएको थियो ।
बिगतका निर्वाचनमा मतदाताको मतदान गर्ने जुन उत्साह थियो । त्यो उत्साह यस निर्वानमा देखिएन ।
सर्लाही लामो समय पत्रकारीता पेशा गरेका पत्रकार शंकर श्रेष्ठका अनुसार नेपाली जनताले लोकतन्त्र बहाली पछि सम्बृद्ध नेपालको जुन सपना जनताले देखेका थिए, त्यो अहिलेका पार्टी र नेताले पूरा गर्न नसक्नाले यस पटकको निर्वाचनमा मतदाताको उत्साह नदेखिएको बताउनु हुन्छ ।
उनले भने अब नेपाली जनता इमान्दार र यूवा अनुहार खोजेको बताए । यस्तै राजनितिक बिष्लेषक रजनीकान्त झाका अनुसार जुन जोगी आए पनि कानै चिरेको । भोट दिएर जिताएर पठाएको नेताले कुर्सीमा पुगेपछि आफु र आफ्ना बाहेक जनताका दुख नदेख्नाले जनतामा पार्टी र नेता प्रति बितृष्णा बढेको कारण मतदाताहरुमा मतदान प्रति उत्साह घटेको
सर्लाहीमा चार जना प्रतिनिधि सभा सदस्यका लागि ६९ जना र आठ जना प्रदेश सभा सदस्यका लागि १३३ जना चुनावी मैदानमा छन् । सर्लाहीका चारवटै प्रतिनिधि सभा निर्वाचन क्षेत्रमा निर्धारित समयमा नै मतदान सुरु भएको प्रमुख जिल्ला अधिकारी थानेश्वर गौतमले जानकारी दिए । केही मतदान स्थलमा प्रविधिक कारणले केही ढिला गरेर मतदान सुरु भए पनि जिल्लाका सबै ठाउँमा शान्तिपुर्ण रुपमा मतदान सम्पन्न भएको उनी बताउँछन् । प्रमुख जिल्ला अधिकारी गौतमले भने, सुरक्षा अवस्था पनि अत्यन्त चुस्तदुरुस्त राखिएको थियो । केन्द्रीय सुरक्षा नीति तथा स्थानीय सूचनालाई आधार बनाएर जिल्लाका सबै स्थानमा सुरक्षा ब्यवस्था कडा बनाईएको जिल्ला प्रहरीका प्रमुख एसपी प्रविण पोखरेलले जानकारी दिए ।
यस्तै जिल्लाको रामनगर गाउँपालिका स्थित खैर्वामा सामान्य विवाद भएपछि मतदान सुरु हुनु पुर्वनै रोकिएको थियो । त्यहाँ कडा सुरुक्षा ब्यवस्थाका साथ शान्तिपुर्ण ढंगले मतदान भएको प्रहरी प्रमुख एसपी पोखरेलले बताए । प्रहरीले सुरक्षालाई ध्यान दिदै पुर्व पश्चिम राजमार्ग तथा भित्री सडकहरुमा समेत सशस्त्र प्रहरी, नेपाली सेनाको गस्ती संगैं चेकजाचँलाई समेत कडाई गरेको थियो ।
जिल्लाभर चार लाख ७९ हजार ३८ जना मतदाता रहेका छन् । जसमा पुरुष २ लाख ७९ हजार ३८ छन् महिला २ लाख १९ हजार ६१४ रहेका छन् भने अन्य १० रहेका छन् । मतदानका लागि ४ हजार ८ सय कर्मचारी परिचालन गरिएको थियो, भने ६ हजारको हाराहारीमा सुरक्षाकर्मी तैनात गरिएको थियो ।

# निर्वाचन शान्तिपूर्ण र व्यवस्थित रह्यो : पर्यवेक्षण संस्था

निर्वाचन पर्यवेक्षण संस्थाले प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको आइतबार भएको निर्वाचन छिटपुट घटनाबाहेक आमरूपमा शान्तिपूर्ण र व्यवस्थितरूपमा सम्पन्न भएको जनाएको छ। मतदानमा अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिकलगायत सबै वर्ग, समुदाय, लिङ्ग र अवस्थाका मतदाताको उत्साहवर्द्धक सहभागिता भएको आम निर्वाचन पर्यवेक्षण समिति नेपाल (जियोक) ले जानकारी दिएको छ। निर्वाचन शान्तिपूर्ण हुनुमा दल, उम्मेदवार र मतदाताको व्यवहार संयमित, सहयोगात्मक र शान्त भएको पाइएको संस्थाका महासचिव कृष्णमान प्रधानले बताए । बिहान प्रारम्भिक चरणमा मतदाताको पातलो उपस्थिति देखिए पनि दिउँसो मतदाताको चाप र उपस्थितिमा सुधार आएको थियो । उक्त संस्थाले मुलुकका ३६ जिल्लाको दुई सय ५० पालिकामा राष्ट्रियस्तरका ३०, जिल्लास्तरका ३६ र स्थानीय तहका दुई सय ८४ पर्यवेक्षक खटाएको थियो । पूर्वप्रधानन्यायाधीश, पूर्वप्रमुख निर्वाचन आयुक्त र पूर्वमुख्य सचिवसहितको १० विशेष पर्यवेक्षक टोलीले दिएको प्रारम्भिक प्रतिवेदनका आधारमा संस्थाले निष्कर्ष निकालेको उल्लेख गरेको छ। यसै राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति (नियोक)ले निर्वाचन शान्तिपूर्ण रहे पनि विगतका निर्वाचन जस्तो मतदातामा उत्साह कम रहेको तथा मतदान प्रतिशत पनि घट्न सक्ने आकलन गरेको छ । उक्त संस्थाले यस निर्वाचनमा एक हजार आठ सय पर्यवेक्षक खटाएको नियोगका कार्यकारी निर्देशक विकल श्रेष्ठले जानकारी दिए । उक्त संस्थामा आवद्ध एक पूर्वप्रमुख निर्वाचन आयुक्तसहितको टोलीले निर्वाचनको पर्यवेक्षण गरेको हो । रासस

# धनुषाका हेभीवेटले आफैंलाई मतदान गर्न पाएन

मधेशदृष्टि
जनकपुरधाम, मंसिर ४ ।
आइतवार सम्पन्न प्रतिनिधि सभा र प्रदेश सभा सदस्यको निर्वाचनमा अरुसँग मत मागने हेभी भनिएका केही उम्मेदवार आफूलाई नै मतदान गर्न पाएको छैन ।
बिहान ७ बजेदेखि ५ बजेसम्म सम्पन्न मतदानमा निर्वाचनमा उम्मेदवार बनेका धनुषाका ‘हेभिवेट’ उम्मेदवार मध्येका धनुषाका ३ का जुली महतो र अनिल झाले आफूलाई नै मतदान गर्न पाएको छैन ।
मतदाता नामावलीमा नाम भएको क्षेत्रभन्दा बाहिर उम्मेदवार बन्दा धनुषा ३ बाट एमालेका उम्मेदवार जुली महतो र सत्तारुढ गठबन्धनबाट लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) का अनिल झाले आफ्नो मत आफूलाई मत खसाउनबाट बञ्चित भएका हुन् ।
धनुषाको निर्वाचन क्षेत्र नम्बर–३ मा दुई पूर्वमन्त्रीसहित ३१ जना चुनावी मैदानमा रहेपनि मुख्य प्रतिस्पर्धी भनियएका यिनीहरु आफैंलाई मतदान गर्नबाट बञ्चित भएका छन् ।प्रतिनिधिसभा सदस्य पदकी उम्मेदवार महतो धनुषा क्षेत्र नम्बर–४ को मतदाता र झा रौतहट क्षेत्र नम्बर १ का उम्मेदवार रहेको आफूलाई मत हाल्न पाएका छैनन् । जुलिले बिहानै धनुषाको निर्वाचन क्षेत्र नम्बर–४ मा रहेको जनकपुरधाम–९ स्थित सुहृदय पुस्तकालयको मतदान केन्द्र पुगेर मत खसालेकी छन् ।
उनले आफ्ना श्रीमान उम्मेदवार रहेका सुर्य छापमा मतदान गरेको बुझिएको छ । उनले आफ्ना श्रीमान एमालेका केन्द्रीय सचिव समेत रहेका धनुषा क्षेत्र नम्बर–४ का प्रतिनिधि सभा सदस्य पदका उम्मेदवार रघुवीर महासेठसँगै मतदान केन्द्र पुगेर श्रीमान ममतदान गरेका छन् ।
जुलीले धनुषा क्षेत्र नम्बर ४ को मतदान स्थलमा मतदान गरेपनि झाले मतदान गर्न पाएका छैनन् ।
उनले भने मतदाता नामावलीमा फरक ठाउँ भएको कारण आफू निर्वाचन क्षेत्रमै व्यस्त रहेको कारण मतदान गर्न जान पाएको छैन । आफूले मतदान गर्नुभन्दा पनि आफूलाई जनताले मतदान गरे त्यो महत्वपूर्ण कुरा रहेको छ । मतदाता नामावली भएका क्षेत्रभन्दा फरक ठाउँमा मत दिन नपाउने व्यवस्थाअनुसार उनीहरू दुबैजनाले आफैँलाई मत हाल्न नपाउने भएका छन् ।

# करिब ६१ प्रतिशत भएको प्रारम्भिक विवरण

आइतबार सम्पन्न प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचनमा हालसम्मको प्रारम्भिक विवरणअनुसार पूर्वानुमानभन्दा कम करिब ६१ प्रतिशत मतदान भएको छ । मतदानबारे निर्वाचन आयोगको सूचना प्रणालीमा विवरण प्रविष्ट हुने क्रम जारी छ ।
मतदानलाई सहज र शान्तिपूर्णरूपमा सञ्चालन गराउने प्रयासका बाबजुद सुखेत, नवलपरासीपूर्व, गुल्मी र बाजुरा जिल्लाका गरी १५ मतदानस्थलमा मतदान स्थगन भएको निर्वाचन आयोगले जनाएको छ ।
मतदानका क्रममा बाजुरा जिल्लामा दोहोरो झडप हुँदा एकजना सर्वसाधारण नागरिकको मृत्यु तथा अन्य केही स्थानमा केही नागरिक घाइते भएका छन् । आयोगले सबै मतदान अधिकृतहरूलाई आइतबार मध्याह्न निर्देशन दिँदै मतदान केन्द्रमा भएको सामान्य विवादका कारण केही समय स्थगन भएको मतदान कार्य सञ्चालन गर्न र साँझ ५ बजेसम्म स्थगन भएको सूचना टाँस नगर्न तथा आयोगको पूर्वसहमति लिएर मात्रै स्थगन भएको सूचना टाँस गर्न निर्देशन दिएको थियो ।
स्थगन वा रद्द भएका मतदान केन्द्रमा आवश्यक तयारी गरी दुई दिनभित्र पुनः मतदान गराउने निर्णय गर्न उपयुक्त प्रबन्ध मिलाइने आयोगले जनाएको छ ।
आयोगले केही सामान्य घटनाबाहेक देशभर शान्तिपूर्ण र उत्साहजनकरूपमा मतदान सम्पन्न भएको र निर्वाचन सम्पन्न गराउने ऐतिहासिक कार्यमा भूमिका निर्वाह गर्ने नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, निर्वाचन अधिकृत, स्थानीय प्रशासन, निर्वाचनमा संलग्न कर्मचारी तथा सुरक्षाकर्मी, राजनीतिक दल, उम्मेदवार, मतदाता, पर्यवेक्षक, अन्तर्राष्ट्रिय समुदाय, सञ्चार माध्यम, निजी क्षेत्रलगायत सबै क्षेत्र र समुदायप्रति आभार व्यक्त गरेको छ । केही जिल्लाका मतदान केन्द्रमा विविध कारणवश केही समय मतदान कार्य रोकिएकामा र राजनीतिक दल तथा उम्मेदवार र निर्वाचन प्रतिनिधिहरूसँगको छलफलपछि पुनः सञ्चालन भएको थियो । प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले निर्वाचनको सिलसिलामा निर्वाचन सामग्रीको प्रयोगमा बाधा पुर्‍याउने, मतपत्रको दुरुपयोग गर्ने, मतदानको प्रक्रिया उल्लङ्घन गर्ने, मतपेटिकामा अन्य वस्तु खसाल्ने, पटक पटक मतदान गर्न खोज्ने, मतपत्र नष्ट गर्ने, मतदानस्थल कब्जा गर्नेलगायतका कार्यमा संलग्न जोसुकैलाई (निर्वाचन कसुर तथा सजय) ऐन, २०७३ बमोजिम तत्काल कारबाही प्रारम्भ गर्न निर्देशन दिइएको बताए ।
उनले मतदानका क्रममा कतिपय मतदान केन्द्रमा कर्मचारी र मतदाताको असावधानीका कारण प्रतिनिधिसभा सदस्य र प्रदेशसभा सदस्यको केही मतपत्र तोकिएको मतपेटिकामा नखसी अर्को मतपेटिकामा खसेको भन्ने गुनासो आएको छ ।
मतपेटिकामा रहेका ती सबै मतपत्रलाई मतगणनाका समयमा जनताको अभिमत खेर जान नदिने गरी राजनीतिक दल, उम्मेदवार र निर्वाचन प्रतिनिधिको छलफलका आधारमा जुन तहका लागि खसेको मत हो सोही तहतर्फ गणना गर्ने गरी प्रबन्ध मिलाइएको जनाउनुभयो । मतगणनाका सन्दर्भमा उत्पन्न हुन सक्ने विवाद वा अस्पष्टतालाई स्थानीयरूपमै छलफल गरी समाधान गर्न मुख्य निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृतहरूलाई जिम्मेवार तुल्याइने र मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतबाट सोधनी भएका विषयमा आयोगले तत्काल सम्बोधन गर्ने जनाइएको छ । मतपेटिका ढुवानी सुरु मतदान सम्पन्न भएका सबै मतदानस्थलबाट आज साँझदेखि नै मतपेटिका निर्वाचन अधिकृतको कार्यालयमा ढुवानी भइरहेको छ ।
मतपेटिका मतगणनास्थलमा ल्याइसकेपछि दलीय सहमति जुटाई काठमाडौं उपत्यकालगायतका क्षेत्रमा आज रातिदेखि नै मतगणना सुरु गर्ने र अन्य स्थानमा मतपेटिका सुरक्षित साथ सङ्कलन भएपछि तत्काल मतगणना प्रारम्भ गर्न आयोगले निर्देशन दिइएको छ ।

सम्पादकीय

# नयाँ अध्याय प्रारम्भ

आम निर्वाचनमा नागरिकले सक्रिय सहभागिता जनाउँदै मतदान गरेका छन् । विगतको तुलनामा कम मतदान भएको प्रारम्भिक जानकारी आएका छन् । यसले जनतामा मतदान प्रति कम उत्साहको संकेत गर्दछ । तर पनि केही छिटपुट घटना, विवाद, मतदान केन्द्र स्थगनका समाचार बाहेक चुनाव शान्तिपूर्ण सम्पन्न भएको छ । आवधिक निर्वाचन भनेका लोकतन्त्रका मेरुदण्ड हुन् । नेपाल करिव सात दशक देखी लोकतान्त्रिक मार्गमा अघि बढ्न खोजेको भएपनि यसको यात्रामा पटक पटक अवरोधहरु हुँदै आएका छन्।र, अहिले हामी लोकतान्त्रिक यात्राकै क्रममा संघीय लोकतान्त्रिक गणतन्त्र छौं । लोकतान्त्रिक गणतन्त्र अर्न्तगत दोश्रो चुनाव सम्पन्न हुनुलाई सकारात्मक अभ्यासको रुपमा लिनुपर्दछ । चुनावले राजनीतिक प्रणालीलाई उर्जा दिएको हुन्छ । संघीय प्रणालीको स्थायित्वका लागि चुनावहरु आधार स्तम्भ बनेका हुन्छन् ।

संघीय लोकतान्त्रिक राजनीतिक प्रणालीको संचालन र व्यवस्थापनलाई लिएर प्रश्न गर्ने ठाउँहरु प्रशस्त छन् । व्यवस्थाका संचालकहरु जिम्मेवार बन्न सकेनन् । कमीकमजारीहरु सतहमा प्रकट भए । चुनावकै क्रममा पनि राजनीतिक दलहरु प्रतिको आक्रोस, असन्तोष देखियो र जिम्मेवार राजनीतिक नेतृत्व प्रति वितृष्णा फैलने वातावरण पनि बन्यो ।

तर, लोकतन्त्रमा आएका विकृतीहरुको उपचार यसै व्यवस्थाले सच्याउँदै जाने हो । लोकतान्त्रिक यात्रा निर्वाचनहरुबाट माझिदै अघि बढेको हुन्छ । २०७९को प्रारम्भमै स्थानीय तहको दोश्रो निर्वाचन सम्पन्न भैसकेको छ । अहिले संघीय र प्रदेशसभाको निर्वाचन सम्पन्न भएको हो। निर्वाचन सम्पन्न भनेको मतदातले मत हाल्ने काम सकिएका छन्, अधिकाश निर्वाचन क्षेत्रमा । मुलुकलाई १६५ निर्वाचन क्षेत्रमा बाँडिएको छ । एउटा निर्वाचन क्षेत्रमा दुइवटा प्रदेश सभा क्षेत्र हुने संवैधानिक प्रावधान अनुसार ३ सय ३० प्रदेशसभा सदस्य निर्वाचित हुने छन् । यता मधेश प्रदेशमा ३२ वटा प्रनिनिधिसभा निर्वाचन क्षेत्र छन्, प्रदेशका सबै जिल्लाहरुलाई ४, ४ निर्वाचन क्षेत्रमा विभाजन गरिएको छ । त्यस्तै समानुपातिक तर्फ प्रतिनिधी सभामा ११० सिट र प्रदेशसभाहरुमा जम्मा २२० सदस्यहरु निर्वाचित हुने व्यवस्था छ ।मधेश प्रदेशमा प्रदेशसभामा प्रत्यक्ष निर्वाचित ६४ जना र बाँकी ४३ जना समानुपातिक निर्वाचनबाट आउँने छन् ।

अब मतपत्रहरु गणनाको परिणाम कस्तो आउँने हो ?आगामी एकसाता भित्रमा गणनाको सम्पूर्ण रिपोर्ट प्रकाशीत भइसक्ने निर्वाचन आयोग बताउँदै आएको छ। एकिन परिणाम जे जस्तो आएपनि हिजोको जस्तो अवस्था देखिदैन । गठबन्धनमा बाँधिएर जसरी दलहरु चुनावमा होमिएका छन्, त्यसैगरी भोलीका दिनसम्म उनीहरु अगाडी बढ्ने हुन् वा होइनन् अहिले एकिन गर्न सकिन्न । निर्वाचनमा प्राप्त हुने गणित अर्थात शक्ति पछि दलका शीर्षहरुको आकाक्षाहरुमा उतारचढाव आउँने गरेको छ । उनीहरुको विगतले यसै भनिरहेको छ । निर्वाचन परिणामले अहिलेका प्रमुख दलहरुनै सत्तामा पुग्ने र अहिलेका शीर्षहरुकै बोलबाला हुने संभावना छ । तर, नेताहरुले समयको माग आत्मसात गरेको हुनुपर्दछ । जनताको आक्रोस र वितृष्णालाई नजिकबाट अनुभव गरेका हुनुपर्दछ । मुलुक अगाडी बढेको छ, हिजोको सोच, चिन्तन र कार्यशैली अब काम लाग्दैन । समयको चर्को दवाव छ राजनीतिक नेतृत्वका सामु । मुलुकको आधा जनसंख्या २५ वर्ष मुनिका छन् । उनीहरुको आकाक्षा, योजना र चाहना सम्बोधन गर्दे अगाडी बढ्नुपर्ने चुनौती छन्, वयोवृद्धहरुका सामु ।

यता सबै भन्दा ठूलो परिवर्तन मधेश प्रदेशमा देखिने संकेत देखिदै छन् । मधेशवादी दलहरु कमजोर हुने आँकलन भैरहेको छ । हिजो मधेशवादी दल एक भएर चुनावमा आएका थिए । जनताले अपार विश्वास गरेर सत्ता र सदनमा बलियो उपस्थिति कायम गराए पनि । त्यो उर्जा सही किसिमले उपयोग हुन सकेन । जनआक्रोसबीच उनीहरु आफै विभाजित भए । दुई प्रमुख गठबन्धनका वैशाखी बनेपछि स्वभाविकरुपमा निर्वाचन परिणाम अपेक्षाकृत आउँदैननैं । तर मधेशका माग, आकाक्षा र पहिचानका मुद्वाहरुमा धेरै काम गर्न बाँकीनै छ । कतै ति मुद्धा किराराकृत हुने त होइनन् भन्ने प्रश्नहरु अहिलेनै मुखरित हुन थालेका छन् ।

मधेश प्रदेशको सत्ता समिकरणका आउँने नयाँ पक्षहरुबाट प्रदेशका माग र आकाक्षाहरु नजरअन्दाज नगरियोस । संघीयताको माग उठेको र संघीयताको खाका कोर्दा अलिकती भएपनि सम्बोधन गरीएको भूखण्ड मधेश प्रदेश हो । यो प्रदेशले संघीयता संस्थागत गर्न, संघीयताको अनिवार्यताको पुष्टी गर्न केन्द्रीय सरकारको भन्दा धेरै भूमिका खेल्नुपर्ने देखिदैंछ । संघीयता विरोधी आवाजहरुलाई गहकिलो जवाफ दिनेगरी काम यहींबाट गर्न सक्नुपर्दछ ।

त्यसो भयो भनेमात्र नयाँ जनादेशलाई सम्मान गरेको ठहरिने छ । मुलुक नयाँ अध्यायमा प्रवेश गरेका छ । नयाँ अध्यायमा गैर जिम्मेवारीका, जवाफदेही विहिनता र भष्ट्राचारका कथाहरु नदोहोरिउन । जनतालाई मुलुकको श्रोत र साधनको सिमितताको ज्ञान छ। यहाँ धेरै गरिराख्नुपर्देन, इमान्दारीकासाथ थोरै काम गरियो भने त्यसलाई आम नागरिकले प्रयाप्त ठान्नेछन् । जनताबाट चुनिएर आएकाहरु जनताबीच अटाइरहने गरी संसद र सरकार चल्नसक्यो भने संघीयताले प्रशस्त भरणपोषण पाउँने छ । संघीयताको जरो बलियोसँग गाडिने छ ।

# चोरलाई चौतारी र साधुलाई शूलीमा पुर्याउन सक्ने अख्तियारलाई काम गर्न केले रोक्यो ?

*अख्तियारमा गएर भ्रष्टाचारबिरुद्ध केही गरेर देखाउँछु भन्ने पवित्र भावना भएका अपवाद व्यक्तिबाहेक त्यहाँको नियुक्तिमा चार प्रकारले स्वार्थ बझिएकाहरूको बढी चासो देखिन्छ। पहिलो, पहिले नै सार्वजनिक पदको दोहन गरी अघाएकाहरू त्यहाँ गएर आरामले उग्राउन चाहनेहरू, दोस्रो, राजनीतिक गुरुको अभिष्ट पूरा गर्न चाहनेहरू, तेस्रो त्यहाँ गएर अझै कमाउन चाहनेहरू र चौथो, आफू बिरुद्धका उजुरी र आरोपलाई निस्तेज बनाउन खोज्नेहरू ।*



- रामकुमार आचार्य

भ्रष्टाचारबिरुद्ध अनुसन्धान गर्ने संसारका निकायहरूमा नेपालको अख्तियार दुरूपयोग अनुसन्धान आयोग (यसपछि 'अख्तियार मात्र भनिने') कानूनी रूपले सबैभन्दा सवल निकाय हो भन्दा अतिशयोक्ति हुँदैन। यसको गठन र कार्यक्षेत्र सम्बन्धी प्रावधानहरू यति सवल छन् कि यसले नकारात्मक रूपमा चोरलाई चौतारी र साधुलाई शूली तथा सकारात्मक रूपमा साधुलाई चौतारी र चोरलाई शूली चढाउन सक्छ। २०४७ सालको संविधान यता यस्तो सवल निकाय निर्माण भएर स्वायत्त रूपमा काम गर्न थालेको पनि ३० वर्ष भइसकेको छ तर आम नागरिक र राज्यले अपेक्षा गरे अनुरूप भ्रष्टाचार नियन्त्रणमा यो निकाय खरो उत्रन नसकेको तथ्य सर्वस्वीकार्य छ। केही अपवाद कालबाहेक अख्तियारका काम कारबाहीहरूको प्रशंसा भन्दा आलोचना नै बढी भएका छन्।

किन यस्तो भइरहेको छ भनेर धेरैले विभिन्न विश्लेषण पनि गर्ने गरेका छन् तर अख्तियारले आशातित सफलता नपाउनु र आलोचना बढी हुनुका कारणबारे गरिएका धेरैजसो विश्लेषणहरूमा गहिराइ देखिँदैन। फ्याट्ट भन्नका लागि भनिएका जस्ता सतही कारणहरू उल्लेख हुने गरेका छन्। वास्तवमा यसरी भनिएका राजनीतिक हस्तक्षेप हुनु, आधुनिक तालिम र प्रविधि नहुनु, पर्याप्त स्रोत साधानको कमी हुनु जस्ता जहाँ जुनसुकै क्षेत्रमा पनि लागू हुने कारणहरूमा पनि केही दम अवश्य छन्। गहिरिएर हेर्दा भने अख्तियारका असफलताका मुख्य मुख्य कारणहरू योग्यता नपुगेका, स्वार्थ बाझिने र भागबण्डामा आयुक्तहरूको नियुक्ति हुनु नै हुन्।

## अयोग्यलाई नियुक्ति

अयोग्यबाट योग्य कामको अपेक्षा गरिनु नै ठूलो विरोधाभास हो। संविधानतः अख्तियार भ्रष्टाचारको अपराधमा अनुसन्धान र अभियोजन गर्ने विशिष्टीकृत निकाय हो। यसको विशिष्टीकृत स्वभाव अनुसार नै आयुक्तहरूको उमेर (४५ वर्ष), शिक्षा (स्नातक), दलीय सदस्यता नभएको र नागरिकताबाहेक अन्य योग्यताहरू विशेषज्ञ हुनुपर्ने र त्यस्तो व्यक्ति उच्च नैतिक चरित्रसमेत भएको हुनुपर्ने गरी तोकिएको छ। योग्यता तोकिसकेपछि त्यसको परीक्षण हुनुपर्छ र योग्यमा पनि योग्यतम्लाई नियुक्ति दिनुपर्छ। हालसम्म योग्यबाट योग्यतम त के निम्नतम योग्यताको समेत परीक्षण नगरी अयोग्यहरूलाई वरमाला पहिराउने गरिएको छ। यस्ता अयोग्य नियुक्तिहरू मध्ये एउटालाई मात्र चुनौती दिइयो र परिणाम पनि निस्कियो तर अरु सबै अयोग्यताहरूले चुनौतिरहित रूपमा कार्यावधि समाप्त गरे।

संविधानले तोकेका मध्ये शिक्षा, उमेर र नागरिकताका सम्बन्धमा नक्कली प्रमाण पत्र लिएको, एक भन्दा बढी प्रमाणपत्र भएको, विभिन्न प्रमाणपत्रहरूमा फरक फरक उमेर वा जन्ममिति लेखिएको, उमेर सच्याइएको जस्ता विवाद प्रकाशमा आएका छन्। उच्च नैतिक चरित्रका सम्बन्धमा पनि लोकमान प्रकरणमा विवाद उत्पन्न भएर न्यायिक निरूपण भइसकेको अवस्था छ तर उजागर भइसकेका यी विषयमा पनि गम्भीर छानबिन भएको र हुने लक्षणसमेत देखिँदैन।

अख्तियारमा गएर भ्रष्टाचारबिरुद्ध केही गरेर देखाउँछु भन्ने पवित्र भावना भएका अपवाद व्यक्तिबाहेक त्यहाँको नियुक्तिमा चार प्रकारले स्वार्थ बझिएकाहरूको बढी चासो देखिन्छ। पहिलो, पहिले नै सार्वजनिक पदको दोहन गरी अघाएकाहरू त्यहाँ गएर आरामले उग्राउन चाहनेहरू, दोस्रो, राजनीतिक गुरुको अभिष्ट पूरा गर्न चाहनेहरू, तेस्रो त्यहाँ गएर अझै कमाउन चाहनेहरू र चौथो, आफू बिरुद्धका उजुरी र आरोपलाई निस्तेज बनाउन खोज्नेहरू।

नियुक्ति हुँदाका बखत राजनीतिक दलको सदस्य हुन नहुने भन्ने बडो पेचिलो विषयमा केही विवाद सार्वजनिक भए पनि त्यसमा सुनुवाई भएर निरूपण हुन सकेको अवस्था छैन। यदि राजनीतिक दलहरूले आफ्ना सदस्यको नामावली सार्वजनिक गर्ने हो अथवा अनुसन्धान गर्ने निकायले माग गरेका बखत उपलब्ध गराउने हो वा हैसियतवाला निकायले शंकास्पद स्थानमा छापा मार्न आँट गर्ने हो भने सार्वजनिक प्रशासनबाट संवैधानिक पदमा नियुक्त भएका कुन कुन व्यक्ति राजनीतिक दलका सदस्य थिए भनेर सजिलै पत्ता लाग्न सक्छ। सार्वजनिक पदमा बहाल रहँदै कानून विपरीत राजनीतिक दलको सदस्यता लिएका उच्च पदस्थहरू छताछुल्ल भएर देखिने छन्। यसो हुन सकेमा एकैसाथ दुई वा सोभन्दा बढी दलको सदस्यता लिएर फाइदा लिनेहरूको बहुरुपी मखुण्डो समेत उत्रने थियो। पदमा बहाल रहँदा नै दलको सदस्यता लिनु उच्च नैतिक चरित्र विपरीतको कार्य पनि हो। कानून पालना गर्नुपर्नेले कानूनको उल्लंघन गर्ने अनि त्यस्तो तथ्यलाई लुकाएर संवैधानिक पदको अपेक्षा गर्ने प्रवृत्तिलाई कसरी उच्च नैतिक चरित्र भन्न सकिएला ?

अख्यिारका लागि आवश्यक अर्को योग्यता लेखा, राजस्व, इन्जिनियरिङ, कानून, विकास वा अनुसन्धानको क्षेत्रमा कम्तीमा बीस वर्ष काम गरी अनुभव र ख्याति प्राप्त गरेको हुनुपर्छ। यी विषय क्षेत्रहरू अख्तियारको विशिष्टीकृत चरित्र अनुरूप मिल्ने गरी तोकिएका विशेषज्ञ क्षेत्रहरू हुन्। त्यहाँ रकम कलमको, राजस्व चुहावटको, विकास निर्माणको, कानूनी व्याख्याको र भरपर्दो प्रमाण संकलनको प्रश्नहरू आउलान भनेर नै लेखा, राजस्व, इन्जिनियरिङ, कानून, विकास वा अनुसन्धान जस्ता विशेषज्ञ सेवाको आवश्यकता संविधान निर्माताहरूले गरेका होलान। व्यवहारमा भने विशिष्टीकृत निकायमा सामान्य प्रशासनमा काम गरेको सामान्यज्ञ, राष्ट्रिय अनुसन्धान विभागमा काम गरेका गुप्तचरका व्यक्तिहरू, इन्जिनियरिङ बाहेकका प्राविधिकहरू, भूगोलका शिक्षकहरू नियुक्त भएका उदाहरणहरू प्रशस्तै छन् । अनुसन्धान भनेको के हो भनेर जसले जानेकै छैन




त्यसले भ्रष्टाचारको अनुसन्धान कसरी गर्छ ?

संविधानको आशय विपरीत अति व्याख्या गर्ने हो भने लेखा, राजस्व, इन्जिनियरिङ, कानून, विकास वा अनुसन्धानको क्षेत्रमा नपर्ने संसारको कुनै विषय नै हुँदैन। लेखा अर्थात् हिसाब किताब नभएको कुनै विषय हुन्छ र ? विरुवा कति वर्षको भयो भनेर जान्न पनि लेखा चाहियो। झन् कानून र इन्जिनियरिङ त विश्व ब्रम्हाण्डै भयो। हरेक कुराको नियम र संरचना हुन्छ। मानिसको जीवन नै विकास र अनुसन्धान हो भने भइगयो तर कुरा त्यस्तो होइन ।

संविधानले नचाहिने भएर नै निर्वाचन आयोगका लागि कुनै विषय क्षेत्रको योग्यता तोकेको छैन । अरु आयोगमा भने विशेषज्ञ हुनुपर्ने गरी योग्यता तोकेको छ। यहाँ पद दिन सक्ने र लिन चाहने दुबैमा कुनै पनि सरकारी जागिरमा विशिष्ट श्रेणीमा पुगेको व्यक्ति योग्य हुन्छ भन्ने भ्रम अथवा गलत नियत लुकेको पाइन्छ। गृह प्रशासन, राष्ट्रिय अनुसन्धान, सेना र सशस्त्र प्रहरीको अपराध अनुसन्धान र अभियोजनमा कुनै भूमिका हुँदैन। कसैले काम गरेको विभागको नाममा 'अनुसन्धान' (इन्टेलिजेन्स र रिसर्च) हुँदैमा त्यो इन्भेस्टिगेसन हुँदैन। यो यथार्थ जान्दाजान्दै पनि त्यस्ता व्यक्तिहरूको नियुक्ति हुने गरेको र तिनीहरू महत्वाकांक्षी बनेर दौडधूप गरेको देख्ने र सुन्ने गरिएकै छ।

ज्यादै मन पर्छ। ऊ नभई हुँदैहुँदैन भन्दैमा विवाहको योग्यता नपुगेको केटालाई जबरजस्ती वा ललाइफकाइ वरण गर्न पाइन्छ ? केटीको र केटाको उमेर नपुगेको होला, हाडनाता पर्ला, केटो अर्काकी भइसकेकी होलिन्। यस प्रकारका अयोग्य केटासँग अनमेल विवाह गर्दा, असल सन्तान जन्माउने, आचरणयुक्त परिवार बनाउने, पारिवारिक सुशासन कायम गरी विकास गर्ने जस्ता लक्षित प्रतिफल प्राप्त भएनन् भने त्यसको जिम्मेवारी कसले लिने ?

त्यसैगरी अर्को भ्रम 'विकास' पनि छ। बाली विकास, जिल्ला विकास जस्ता क्षेत्रमा काम गर्नु संविधानले तोकेको विकासको क्षेत्र होइन। यो त सामाजिक विज्ञानअन्तर्गत एउटा विषयको रुपमा सन् १९६० र ७० को दशकमा बेलायतमा सुरु भएको र सापेक्षिकरूपमा नयाँ मानिन्छ। हाल आएर नेपालसमेत विश्वका विभिन्न विश्वविद्यालयहरुमा अध्ययन अध्यापन हुने यो विषय नेपालमा सर्वप्रथम काठमाडौं विश्वविद्यालय अन्तर्गत २०५६ सालतिर मात्र प्रवेश पाएको हो। नेपालमा यो विषय अध्ययन गरी यसै विषय क्षेत्रमा काम गरेका सरकारी कर्मचारी छन् कि छैनन् लेखक भन्न सक्दैन तर कोही पनि उच्च पदमा पुगेर संवैधानिक नियुक्ति लिन सक्ने गरी योग्य भइसकेका छैनन् भन्न हिचकाउनु पर्दैन।

ज्यादै मन पर्छ। ऊ नभई हुँदैहुँदैन भन्दैमा विवाहको योग्यता नपुगेको केटालाई जबरजस्ती वा ललाइफकाइ वरण गर्न पाइन्छ ? केटीको र केटाको उमेर नपुगेको होला, हाडनाता पर्ला, केटो अर्काकी भइसकेकी होलिन्। यस प्रकारका अयोग्य केटासँग अनमेल विवाह गर्दा, असल सन्तान जन्माउने, आचरणयुक्त परिवार बनाउने, पारिवारिक सुशासन कायम गरी विकास गर्ने जस्ता लक्षित प्रतिफल प्राप्त भएनन् भने त्यसको जिम्मेवारी कसले लिने ?

## स्वार्थ बाझिनेलाई नियुक्ति

अख्तियारमा गएर भ्रष्टाचारबिरुद्ध केही गरेर देखाउँछु भन्ने पवित्र भावना भएका अपवाद व्यक्तिबाहेक त्यहाँको नियुक्तिमा चार प्रकारले स्वार्थ बझिएकाहरूको बढी चासो देखिन्छ। पहिलो, पहिले नै सार्वजनिक पदको दोहन गरी अघाएकाहरू त्यहाँ गएर आरामले उग्राउन चाहनेहरू, दोस्रो, राजनीतिक गुरुको अभिष्ट पूरा गर्न चाहनेहरू, तेस्रो त्यहाँ गएर अझै कमाउन चाहनेहरू र चौथो, आफू बिरुद्धका उजुरी र आरोपलाई निस्तेज बनाउन खोज्नेहरू। अख्तियारको पूर्व नियुक्तिहरूको मिहिन छानबिन गर्ने हो भने अधिकांश व्यक्ति कमाउ र आकर्षक अड्डामा धेरै समय बसेकाहरू नै देखिन्छन् ।

कतिपय आफैं भ्रष्टाचारमा लिप्त भएका छन्। कतिपयको आफ्नै वा आफ्नो स्वार्थ जोडिएकाहरूको उजूरी कारबाहीमा छ ।

अदालतले बोलिसकेको हुनाले लोकमानको नाम लिन सजिलो छ तर त्यसपछिका प्रमुख र अन्य कतिपय आयुक्तहरूको अनुहार पनि झल्झली आउँछ। अब पनि त्यहाँ ठूला भ्रष्टाचारका काण्डमा मुछिएकाहरू, राजनीतिक कृपा पात्रहरू, राजनीतिक पूर्वाग्रहीहरू, पहिले नै अघाएर आरामले उग्राउन चाहनेहरू र सम्पत्ति र शक्तिको लालचले कहिल्यै नपुग्ने हन्तकालीहरू कै बजार हल्ला प्रायोजित रूपमा हुने गरेको प्रष्टै छ। यस्ता स्वार्थ बाझिनेहरूले त्यहाँ गएर आफ्नो निजी स्वार्थ पूरा गर्नबाहेक के गर्लान् ? अनि अख्तियारको प्रभावकारिता कसरी रहन्छ ?

## भागबण्डामा नियुक्ति

नियुक्तिमा भागबण्डा तीन अवस्थामा सिर्जना हुन्छ। पहिलो संयुक्त सरकार भएका बेला, दोस्रो, संवैधानिक परिषद्मा एउटाको अनुपस्थितिमा कसैको बहुमत नपुग्ने र तेस्रो, एउटै दलभित्रको गुटगत सन्तुलन मिलाउनुपर्ने अवस्थामा। भागबण्डामा नियुक्ति गर्दा राजनीतिज्ञको गोजीबाट उम्मेदवार छानिन्छन्। त्यसो भएपछि उम्मेदवारको योग्यता परीक्षण गर्नु परेन। उसको विगत कोट्याउनु परेन। उसको नैतिक चरित्र हेर्नु परेन। त्यो मानिसले सम्बन्धित निकायको उद्देश्य अनुसार काम गर्न सक्छ कि सक्दैन भनेर बहस गर्नु परेन। कति हाइसन्चो। आफ्नो स्वार्थ सिद्ध भए पुग्यो। भागबण्डमा मानिस तीन किसिमले पर्न सक्छ। थैली बुझाएर, आफ्नो मानिस भएर (नाता, राजनीतिक सामिप्यता) र विगतका अप्ठ्यारामा सघाएको भएर। यस प्रकारका पूर्वाग्रहपूर्ण आशयले नियुक्ति दिएपछि त्यस्तो मानिसले संवैधानिक उद्देश्य पूरा गर्छ भनेर आशा राख्नु नै हास्यास्पद हुन्छ। भागबण्डामा नियुक्ति हुनेहरूले भागबण्डामै अनुसन्धानलाई तामेलीमा राख्ने मात्र हुन्। एउटाको भागको तामेली राखेपछि अर्काको भागको पनि राख्नै पर्यो।

अन्तमा, उपरोक्तबाहेक पूर्व प्रशासक मात्र नियुक्ति भएकाले पनि अख्तियारले प्रभावकारी काम गर्न सकेन, राजनीतिक नेतृत्वको छत्रछायाँमा पर्यो भन्ने समेतको आलोचना हुने गरेको छ। यी सबै कुराको समाधान संवेदनशील निकायमा योग्यताको मापन गर्ने आधार बनाएर प्रतिस्पर्धात्मक मूल्याङ्कन गर्नु नै हो। यसो भएमा योग्यमा पनि योग्यतम व्यक्तिले मौका पाउने, प्रतिस्पर्धामा नपर्नेले चित्त बुझाउने र नियुक्ति पाउनेले पनि 'गुलाम' नियुक्त भएको पगरी गुथ्नुपर्ने थिएन। छ कसैको हिम्मत यसो गर्ने ?

(आचार्य,नेपाल सरकारका अवकाशप्राप्त सचिव हुन्)

# ७ अर्ब लगानीमा कास्कीको सिक्लेसमा बन्ने भयो केबलकार



४ मंसिर, काठमाडौं
पर्यटकीय जिल्ला कास्कीमा थप एक केवलकार परियोजना थपिने भएको छ । सिक्लेस अन्नपूर्ण केवलकार प्रालिले कास्कीको मादी गाउँपालिका सिक्लेसमा केवलकार बनाउने भएको छ । कम्पनीले परियोजनाको वातावरणीय प्रभाव अध्ययन सम्पन्न गरी स्वीकृतिका लागि वन तथा वातावरण मन्त्रालयमा पेश गरेको छ । प्रतिवेदनअनुसार परियोजना मादी गाउँपालिकाको वडा नं १ र २ मा फैलने छ । केवलकारको तल्लो स्टेसन कास्की जिल्लाको मादी गाउँपालिका वडा नं १ र माथिल्लो स्टेसन सोही गाउँपालिकाको वडा नं. २ मा रहने भएको छ । तल्लो स्टेसन सिक्लेस गाउँको प्वरयुम भन्ने स्थानमा रहने भएको छ । माथिल्लो स्टेसन सिक्लेसको कोरी डाँडामा रहनेछ । केवलकार ६.४१ किलोमिटर लामो रहने समेत परियोजनाले जनाएको छ । सिक्लेस गुरुङ जातिको बाहुल्य रहेको पर्यटकीय गाउँ हो । परियोजनाको कुल लागत ६ अर्ब ९० करोड ३७ लाख १८ हजार २४४ रुपैयाँ अनुमान गरिएको छ । आयोजना २७.९९ हेक्टर क्षेत्रफलमा बन्ने भएको छ । यसमध्ये तल्लो स्टेसनमा ७.४६ अेक्टर, बीचको स्टेसनमा २.०४ हेक्टर र माथिल्लो स्टेसनमा ५.७६ हेक्टर जमिन रहने भएको छ। टावरका लागि १२.७३ हेक्टर जमिन प्रयोग हुने भएको छ। यो केवलकार सञ्चालन अवधि ३० वर्ष तोकिएको छ । काठमाडौंबाट २३० किलोमिटरको दूरीमा आयोजना रहने छ । आयोजना क्षेत्रबाट पोखरा अन्तर्राष्ट्रिय विमानस्थलसम्मको दूरी ३० किलोमिटरको दूरीमा रहने छ । पोखराबाट प्रस्तावित तल्लो स्टेसनसम्म कच्ची बाटोको पहुँच रहेको छ । तल्लो स्टेसनबाट माथिल्लो स्टेसनसम्म पैदलमार्ग रहेको कम्पनीले जनाएको छ। आयोजनाका लागि कुल ३८०१ वटा रुख र पोल काट्नु पर्ने प्रतिवेदनमा उल्लेख छ। यसरी काटिने रुख र पोलमा गुरास, कलिकाठ, लोकफ, खस्रु, फलाट, भ्यानो, वन चुलेत्रो, फिरफिरे, चाँप, उत्तिससहितका रहेका छन् । काटिएका रुखको सट्टामा आयोजनाले कानूनले तोकेको संख्यामा वृक्षारोपण गर्नुपर्छ ।

बीचमा स्टेशन, झर्न-चढ्न पनि सकिने

यो केवलकारमा नेपालमा अहिले सञ्चालित केवलकार भन्दा फरक बीचमा समेत स्टेसन रहने भएको छ । जहाँ यात्रु झर्न र चढ्न पनि सक्ने भएका छन् । तल्लो र माथिल्लो स्टेसनको बीचमा मादी गाउँपालिका वडा नं २ को धर्मशाला नजिकै बीचको स्टेसन रहने भएको छ। यहाँ मानिसहरु झर्न र चढ्न सक्ने भएका छन् । यो दुबै स्टेसनको बीच भागमा रहने समेत प्रतिवेदनमा उल्लेख छ । केवलकारमा कुल ६० वटा बक्स (गोण्डुला) रहने गरी परियोजनाको डिजाइन गरिएको छ । एउटा बक्समा ८ जनाले एक पटकमा यात्रा गर्न सक्ने छन् । प्रतिदिन ६ हजार जना (अधिकतम)ले यात्रा गर्न सक्ने क्षमताको केवलकार बन्ने समेत कम्पनीको भनाइ छ । केवलकारमा कुल ३० वटा टावर रहने भएका छन् । आयोजना ३.५ वर्षमा निर्माण गरिसक्ने लक्ष्य कम्पनीको छ । निर्माणपूर्वको तयारीको चरणका लागि १ वर्षको अवधि राखिएको छ । निर्माण अवधि १.५ वर्ष र वित्तीय बन्द अवधि १ वर्ष राखेर कुल ३.५ वर्षमा परियोजनाको काम गरिसक्ने प्रतिवेदनमा उल्लेख छ ।

५० जनालाई प्रत्यक्ष रोजगारी
निर्माणका चरणमा ६ सय जनाले रोजगारी प्राप्त गर्ने र सञ्चालनका दौरान ५० जना व्यक्तिले प्रत्यक्ष रोजगारी पाउने आयोजनाले जनाएको छ । प्रतिदिन २ हजार किलोवाट विद्युत यस केबलकारले खपत गर्नेछ । कम्पनीले यो परियोजना सञ्चालनमा आएपछि सिक्लेस क्षेत्र, गण्डकी प्रदेश र राष्ट्रलाई नै पर्यटनमार्फत लाभ पुग्ने दावी गरेको छ । आयोजना सञ्चालनमा आएपछि पोखराबाट नजिकका सिक्लेस, कोरी डाँडा र अन्य क्षेत्र कापुचे तालु, मनाङ र लमजुङका पर्यटकीय क्षेत्रको समेत प्रवर्द्धन हुने आयोजनाको भनाइ छ । वातावरणमैत्री प्रविधिको यातायात सेवाले अन्नपूर्ण क्षेत्रको वातावरणीय संरक्षणमा समेत सहयोग पुग्ने आयोजनाको भनाई छ । आयोजना निर्माण पश्चात स्थानीय होटेल, पर्यटनसँग सम्बन्धित व्यवसाय फस्टाउने र यसले दीगो विकास, पर्यटन पूर्वाधारमा समेत सहयोग गर्ने प्रतिवेदनमा उल्लेख छ ।

# धान पकेट क्षेत्रकै बासिन्दा आयातित चामलमा निर्भर

डुम्रे, ४ मङ्सिर
तनहुँको व्यास नगरपालिका-८ बर्लाचीका ८१ वर्षीय अग्रज किसान विष्णुप्रसाद ओझालाई बजारबाट किनेर ल्याएको चामलको भातको स्वाद पटक्कै मनपर्दैन । आफ्नै खेतमा उब्जेको धानको भात खाँदै आएका उनी अहिले बजारको चामलको स्वाद मन नपरे पनि खानुपर्ने बाध्यता रहेको बताउछन ।पहिले गाउँमा एउटा घरमा मसिनुको चामल पाक्दा गाउँभर नै बास्ना थाहा हुने गरेको सम्झँदै उनी भन्छन, पहिले चामलको स्वाद गुलियो हुन्थ्यो । अहिले स्वाद नै फरक छ । अहिलेको धानबाट आएको चामलको गुलियोपन छैन । प्राङ्गारिक मल प्रयोग खेतीपातीमा गर्ने प्रचलन नै हराएको उनी बताउछन । विगतमा प्राङ्गारिक मल र गाईवस्तुको मल हाल्दा उत्पादन राम्रो हुनुका साथै स्वादिलो हुने गरेको उनको भनाइ छ । ओझा भन्छन, ढिँकी, जाँतोमा कुटानीपिसानी गर्ने भएकाले पनि स्वादिलो हुन्थ्यो ।

अहिले विद्युतीय मेसिनमा कुटानीपिसानी हुँदा स्वाद फरक परेको हो । अहिले खेतीपाती गर्न खर्चिलो भएको उनी बताउछन । लगानीअनुसारको प्रतिफल हुन छाडेपछि जग्गा बाँझै राखेर बजारबाट चामलको बोरा ओसार्ने क्रम बढ्दै गएको उहाँको भनाइ छ । उनी भन्छन, भकारीको धान निकाल्नु भन्दा बजारको बोरा बोक्न सजिलो मान्छन् मानिसहरु । दुःख किन गर्छन् र ?आफ्नै खेतबारीमा उत्पादन भएको धान किनेर खानुपर्ने अवस्था आएको बताउँदै उनी भन्छन, अधियाँ गर्ने मान्छे पाइँदैन । खेत बाँझै रहन्छ । आफ्नो खेत ठेक्कामा दिएर उत्पादन भएको धानलाई बजारबाट किनेर चामल खानु परेको छ ।विगतमा मङ्सिरे धान मात्रै ७० देखि ८० मुरी धान उत्पादन गर्ने उनले केही वर्षदेखि आफूले खेती गर्न नसकेको बताउछन । व्यास नगरपालिका-७ का ८० वर्षीय इन्द्रबहादुर शाहीले उत्पादन गर्न नसकेपछि बजारको चामल किनेर खानुपर्ने अवस्था आएको बताए । खेतीपाती गर्न सकिदैन । छोराछोरी बजार झर्ने र विदेश जाने गर्दा खेतीपाती गर्दैनन् ।

भएको जग्गाजमिन बाँझो छ र किनेर बजारको चामल खानुपर्ने बाध्यता भएको छ, शाहीले भने । बजारबाट किनेको चामलको मूल्य भन्दा उत्पादन लागत बढी हुने हुँदा पनि युवा पुस्ताले चासो दिन छाडेको उनको भनाइ छ ।

कृषि ज्ञान केन्द्र तनहुँका प्रमुख एवं वरिष्ठ कृषि विकास अधिकृत कुलप्रसाद तिवारीले धान उत्पादन बर्सेनि घट्दो क्रममा रहेको बताए । धान उत्पादन लागत बर्सेनि वृद्धि हुन्छ तर धानको मूल्य वृद्धि नहुँदा धान खेतीमा युवाको चासो छैन, उनले भने । जिल्लामा जमिन बाँझिने क्रम बढ्दै गएको तिवारीले बताए । जबसम्म स्थानीय, प्रदेश र सङ्घ सरकारले जमिन बाँझो राख्न नपाउने नीति निर्माण गर्दैनन्, तबसम्म बाँझो जमिन बढ्दै जान्छ ।चालू आर्थिक वर्षमा तनहुँमा धान उत्पादन वृद्धि हुने भएको छ । धान फुल्ने समयमा वर्षा भएकाले उत्पादन बृद्धि भएको वरिष्ठ कृषि विकास अधिकृत तिवारीले बताए । गत वर्षको तुलनामा यसवर्ष धान उत्पादन वृद्धि हुने अनुमान गरेका छौँ, उनले भने । गत वर्ष आठ हजार सय २० हेक्टर क्षेत्रफलमा गरिएको धान खेतीबाट ३२ हजार आठ सय २४ मेट्रिकटन धान उत्पादन भएको थियो । यसवर्ष उत्पादन क्षेत्र केही वृद्धि भएको उनले बताए । यसवर्ष आठ हजार सात सय ३० हेक्टर क्षेत्रफलमा गरिएको धान खेतीबाट ३३ हजार आठ सय ४० मेट्रिकटन धान उत्पादन हुने अनुमान गरिएको तिवारीले बताए । उत्पादन वृद्धि भए पनि पकेट क्षेत्रकै किसानले धान किनेर खानुपर्ने अवस्था रहेको उनले बताए ।

कृषि पेसाबाट विमुख
कृषि पेसामा लागत वृद्धि हुने क्रम रहेकाले यसबाट विमुख हुने किसान बढ्दै गएका छन् । आफैंले उत्पादन गर्नुभन्दा किनेर चामल खान लागत कम पर्ने भएपछि दुःख गर्न युवा नचाहने बताइएको छ । धान उत्पादनका लागि धेरैखर्च बढ्दा विदेशबाट आयातित चामल किनेर खान किसानले नै थालेको व्यास नगरपालिका-८ बर्लाचीका ७२ वर्षीय अगुवा व्यक्ति दिनानाथ लम्साल बताउछन । उनी भन्छन , पुरानो परम्परागत खेतीपाती गर्ने प्रचलन छैन ।स्थानीय उत्पादित मल, बीउ हराएको र पूर्ण रुपमा आयातित मल, बिउबिजन हुने भएकोले उत्पादन राम्रो भएको देखिने गरेको उहाँले बताउनुभयो । धेरै देखिए पनि दीर्घकालसम्मलाई अन्न नपुग्ने गरेको लम्साल बताउनुहुन्छ । तराई क्षेत्रमा जस्तो कामदार यहाँ नपाइने उहाँ बताउछन । रासायनिक मलको प्रयोगले माटो बिग्रने र उत्पादन घट्ने किसानको बुझाइ छ। विगतमा तनहुँ करिब धान उत्पादनमा आत्मनिर्भर रहेको मात्र होइन, अन्यत्र निर्यात समेत हुने गरे पनि हाल आयात हुने गरेको छ । व्यास नगरपालिकाअन्तर्गत साँगेफाँट, रिस्तीफाँट, सेरा, गजौडे, माझफाँट, सिसाघाट, सत्रसय, घाँसीकुवा, भानु नगरपालिकाको चुँदीफाँट, बाइसजागर, आँबुखैरेनी गाउँपालिकाको ढापटार, बन्दीपुर गाउँपालिकाको याम्पाफाँट, सत्रसयफाँट धान उत्पादनको राम्रा क्षेत्र हुन् । त्यस्तै देवघाट गाउँपालिकाको बेटार, म्याग्दे गाउँपालिकाको गुणादी, अकलाफाँट, शुक्लागण्डकी नगरपालिकाको फिर्दीफाँट, क्यान्दीफाँट, मान्द्रेफाँट, भिमाद नगरपालिकाको डुम्रीबेँसी, बुढुवाफाँट, बैडीफाँट, घिरिङ गाउँपालिकाको अत्रौलीफाँट, पुट्टारफाँट, ऋषिङ गाउँपालिकाको पिपलटार फाँटलगायतका क्षेत्रमा धान उत्पादन हुन्छ । धान उत्पादन हुने यी क्षेत्रमा अहिले बस्ती विस्तारसँगै घडेरीका रुपमा खण्डीकरण गर्ने, बाँझो राख्ने क्रमले उत्पादन घट्दै गएको छ ।रासस



# क्यालिब्रेसन फ्लाइटका लागि पोखरा आइपुग्यो एरो थाई

४ मंसिर, पोखरा ।
पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल यान्त्रिक उडान परीक्षण (क्यालिब्रेसन फ्लाइट) का लागि एरो थाइ कम्पनीको जहाज शनिबार पोखरा आइपुगेको छ ।

पोखरा विमानस्थलमा राखिएको जहाजले सोमबारदेखि १२ गतेसम्म परीक्षण उडान गर्नेछ ।

उक्त यान्त्रिक विमानले बिहान १० बजेदेखि १ बजेसम्म र दिउँसो साढे २ बजेदेखि साढे ५ बजेसम्म क्यालिब्रेसन फ्लाइट गर्ने पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलका प्रवक्ता अनुप जोशीले जानकारी दिए । विमानस्थलमा जोडिएका ग्राउन्डबेस नेभिगेसन यन्त्रहरु प्रयोग गर्न योग्य रहेको वा नरहेकोबारे परीक्षण गर्ने उनले सुनाए ।

'भोलि आवश्यक परेको बेलामा सिग्नल दिन्छ कि दिँदैन भनेर अवस्था निर्क्यौल गर्ने हो, प्रमाणीकरण गर्ने हो', उनले भने ।

क्यालिब्रेसनका लागि पोखरा अन्तर्राष्ट्रिय विमानस्थल आयोजनाले सरसफाइ अन्य यन्त्र परीक्षण गर्ने काम गरिरहेको छ । पोखरा महानगरपालिका-१४ छिनेडाँडामा निर्माणाधीन विमानस्थलको हाल ९८.५ प्रतिशत भौतिक प्रगति सकिइसकेको आयोजना प्रमुख विनेश मुनकर्मीले जानकारी दिए ।

'बाँकी काम क्यालिब्रेसन पछि डिसेम्बरसम्म सक्ने गरी अघि बढेका छौं' उनले भने ।

दैनिक ३० भन्दा बढी उडान प्रभावित हुने

पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलमा क्यालिब्रेसन फ्लाइटका कारण पोखरा विमानस्थलको नियमित उडान प्रभावित हुने भएको छ । क्यालिब्रेसन फ्लाइटले पोखरा विमानस्थलको दैनिक ३० बढी नियमित उडान प्रभावित हुने पोखरा विमानस्थलका सूचना अधिकारी देवराज सुवेदीले जानकारी दिए ।

'बिहान पनि आजभोलि हुस्सु लाग्न थोलेको छ । त्यसैले पछिल्लो समय ९ बजेपछिमात्रै उडान हुने ट्रेन्ड छ', सूचना अधिकारी सुवेदीले भने, 'मौसम खुलेपछि उडान हुँदा पनि २ बजेपछिका सबै उडान प्रभावित हुनेछन् ।'

उनका अनुसार पोखरा विमानस्थलबाट दैनिक ४० बढी नियमित उडान हुँदै आएका छन् ।

विमानस्थल नजिकै रहेको ल्यान्डफिल साइटका कारण क्यालिब्रेसन उडान प्रभावित हुने भएपछि ल्यान्डफिल साइट ढाकेर चराजन्य गतिविधि कम गरिने आयोजनाले जनाएको छ । आयोजनाले सुरुआतदेखि नै ल्यान्डफिल साइटको विकल्प खोज्न पटकपटक अनुरोध गरेपनि पोखरा महानगरले अझैसम्म विकल्प दिन सकेको छैन । जसका कारण तत्काललाई मंसिर ५ गतेदेखि ल्यान्डफिल साइटमा फोहोर नफाल्न आयोजनाले पोखरा महानगरलाई अनुरोध गरेको छ ।

महानगरले विभिन्न ७ ठाउँमा ल्यान्डफिल साइटको विकल्पबारे अध्ययन भइरहेको तर, टुंगो नलागेको जानकारी दिएको छ ।

अंग्रेजी नयाँ वर्ष अर्थात जनवरी १ देखि नियमित उडान सुरु गर्ने गरी नेपाल नागरिक उड्डयन प्राधिकरणको तयारी छ। सन् २०१४ मे ३१ मा नागरिक उड्डयन प्राधिकरण र चाइना सीएएमसी इन्जिनियरिङ कम्पनी लिमिटेडबीच विमानस्थल निर्माणको ठेक्का सम्झौता भएर २०१७ को नोभेम्बरबाट निर्माण थालनी भएको थियो ।

२०२१ जुन १० मा सक्नुपर्ने सम्झौतामा उल्लेख भएपनि तोकिएको समयमा काम पूरा नभएपछि एक वर्ष म्याद थपिएको थियो ।



# मिलेमतोको ठेक्कामा निगमले गर्‍यो ७८ करोडको खरिद सम्झौता

काठमाडौं, ४ मंसिर
नेपाल आयल निगमले विवादास्पद बनेको अमलेखगञ्जमा पेट्रोल भण्डारणको ट्यांकी बनाउने सम्बन्धी ठेक्काको खरिद सम्झौता गरेको छ । ठेक्कामा मिलोमतो भएको भन्दै विवादकैबीच निगमले रेलिगेयर निर्माण कम्पनीसँग परियोजना अघि बढाउने सम्झौता गरेको हो ।

अमलेखगञ्जस्थित परियोजना प्रमुख एवम् निगमको मधेश प्रदेश प्रमुख प्रदीपकुमार यादवले ठेक्का सम्झौता भएको बताए । 'एक वर्षमा काम सम्पन्न गर्ने गरी रेलिगेयर निर्माण कम्पनीसँग ठेक्का सम्झौता भयो,' यादवले भने, 'छिट्टै शिलान्यासको तयारी गरिरहेका छौं ।' यादवले ठेक्कामा अन्य कम्पनी पनि आउनसक्ने अवस्था भएपनि विगतमै ठेक्का पाइरहेका समानान्तर र रेलिगेयर मात्रै सहभागी भएको बताए । ८० करोड रुपैयाँ लागत अनुमानको ५०-५० लाख लिटर क्षमताको भण्डारण ट्यांकी निर्माणका लागि निगमले ५ असोजमा बोलपत्र आह्वान गरेको थियो । तर, यो ठेक्कामा दुई नेपाली कम्पनीबाहेक अन्य कम्पनी योग्य हुन नसक्ने गरी अनुभव र योग्यताहरु मागिएको थियो । असोजमा ५ मा आह्वान गरिएको ठेक्कामा समानान्तर निर्माण सेवाले ८८ करोड र रेलिगेयरले ७८ करोड रुपैयाँमा परियोजना निर्माण गर्नेगरी प्रस्ताव पेश गरेका थिए । जसमा कम प्रस्तावक रेलिगेयर कम्पनी परियोजना निर्माणमा छनोट भएको थियो । एकै समयमा ठेक्का अघि बढाइएको अमलेखगञ्जमा पेट्रोल भण्डारण ट्यांकी र पोखराको हवाइ इन्धन डिपोको ठेक्कामा दुई ठेकदार कम्पनीले पनि मिलोमतो गरेको निगम स्रोत बताउँछ । ६८ करोड रुपैयाँको पोखरा विमानस्थलको डिपो निर्माणको जिम्मा समानान्तरलाई दिइएको छ । लगत्तै अमलेखगञ्जको भण्डारण बनाउन ७८ करोडको ठेक्का रेलिगेयरले लिएको छ ।

५ असोजमा गरिएको बोलपत्रले राखेका शर्त पुरा गर्न समानान्तर निर्माण सेवा र रेलिगेयर कन्स्ट्रक्सन मात्रै सक्षम थिए ।

त्यसैअनुसार ठेक्कामा तीनै दुई वटा मात्रै निर्माण कम्पनी सहभागी भएका थिए । उनीहरुबीच फर्जी प्रतिस्पर्धा गराएर निगमले ठेक्का लगाउने योजना खरिद सम्झौता पछि फत्ते भएको छ । मिलेमतोअनुसार नै लागत अनुमानभन्दा जम्मा २ करोड रुपैयाँ कममै ठेक्का लगाइएको छ । सेटिङ गरेरै अनुमानित लागतको करिब २.५ प्रतिशत मात्रै कम मूल्यमा ठेक्का लगाउँदा निगमको सञ्चालक समितिले नजरअन्दाज गरेको छ । नेपालमा ठूला इन्धन भण्डारण निर्माणको अनुभव सीमित नेपाली कम्पनीसँग मात्रै भएको अवस्थामा 'नेसनल कम्पिटेटिभ बिडिङ' -एनसीबी) गरिएको थियो । त्यसमाथि निगमले प्रतिस्पर्धा खुम्च्याउन राखेका शर्तहरुले अन्य कम्पनीको लागि बोलपत्र किन्ने ढोका नै बन्द गरेको थियो । निगमले नेपाली कम्पनीसँग पछिल्लो १० वर्षमा ३० करोड रुपैयाँ बराबरको इन्धन ट्यांकी बनाएको अनुभव मागेको थियो । २०६८ पछि २०७३ सालसम्म निगम लगातार घाटामा रहेकाले नयाँ ट्यांकी बनेका थिएनन् । २०७३ पछि केही मट्टितेल ट्यांकीलाई पेट्रोल ट्यांकीमा रुपान्तरण गरिएपनि त्यसयता ठेक्का ५ देखि १० करोड करोडभन्दा बढीका थिएनन् । त्यसमाथि निगमले बोलपत्रमा निर्माणको काम गरेको मात्रै अनुभव मागेको थिएन, 'इन्जिनियरिङ, प्रक्रयोर्मेन्ट एन्ड कन्ट्रयाक्ट' (ईपीसी) मोडलमै अनुभव हासिल गरेको हुनुपर्ने भनिएको थियो । यो मोडलमा आयोजनाको डिजाइनसहित इन्जिनियरिङको काम पनि ठेकदार कम्पनीले नै गर्नुपर्छ । अझ नेपालमा नेपालमा यो मोडलमा ठेक्का हुन थालेको करिब २ वर्ष मात्रै भयो । त्यसैले यस्तो मोडलमा काम गरेका कम्पनी नेपालमा औंला गन्न मिल्ने संख्यामा मात्रै छन् । निगम स्रोतका अनुसार नेपालमा बोलपत्रमा मागिएका अनुभव र योग्यता हासिल गरेका कम्पनी रेलिगेयर र समानान्तर मात्रै थिए । उनीहरुले ४५-४५ लाख लिटर क्षमताको पोखराको भण्डारण डिपो भारतीय कम्पनी भारत ट्यांकसँग जेभी गरेर काम गरिरहेका छन् । जसको निर्माण लागत करिब ८७ करोड ८० लाख छ । उनीहरुले पोखरामा ९० प्रतिशतभन्दा बढी काम गरिसकेकाले त्यहीँको अनुभवका आधारमा अमलेखगञ्जको भण्डारण ट्यांकको ठेक्कामा सेटिङ गराएका हुन् । पोखरामा भारतीय कम्पनीसँग ईपीसीमै जेभी गरेका समानान्तर र रेलिगेयर बीच फर्जी प्रतिस्पर्धा देखाउन मात्रै बोलपत्र निकालिएको थियो । निर्माण नसकिएको आयोजनाको अनुभवकै आधारमा उनीहरु मात्रै योग्य रहने गरी निगमले गरेको ठेक्का सार्वजनिक खरिद नियमावलीको प्रतिस्पर्धाको मर्म र नियमविपरीत थियो । निगम नेतृत्व, सञ्चालक समिति र मन्त्रालयकै 'सेटिङ'मा दुवै कम्पनीले एक पछि अको गर्दै निगमको ठूलो ठेक्कामा कम्पनी छनोट भइरहेका छन् । झण्डै एक अर्ब लागतको निगमको केन्द्रीय कार्यालय बबरमहल भवनको ठेक्का समानान्तर निर्माण सेवाले पाएको छ भने गण्डकी प्रादेशिक कार्यालय पोखरामा एक करोड लिटर इन्धन भण्डारणको ठेक्कामा समानान्तर-रेलिगेयर र भारत ट्यांकले काम गरिरहेका छन् । गत सोतबार मात्रै समानान्तर-रेलिगेयर र बीएचएनले काम गर्ने गरी ६८ करोड रुपैयाँ लागतको पोखरा क्षेत्रीय विमानस्थल हवाई इन्धन डिपोको ठेक्कामा पनि यीनै कम्पनीसँग निगमले सम्झौता गरेको थियो ।




जनकपुरधाम उ.म.न.पा.को अतिथिसदन मतदान स्थलमा वृद्धा आफना नातीको सहयोगमा मतदान गर्दै । *तस्विर : मधेशदृष्टि*

# निर्वाचनको क्रममा ६९ राउण्ड गोली फायर : इन्सेक

मधेशदृष्टि

जनकपुर, मंसिर ४ । देशभरि आइतवार सम्पन्न प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्यको निर्वाचनको क्रममा सुरक्षाकर्मीले ६९ राउण्ड हवाइ फायर गरेको औपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)ले जनाएको छ ।

मतगणनास्थलमा विवाद उत्पन्न भएपछि सुरक्षाकर्मीले हवाई फायर गरेको इन्सकले जारी गरेको प्रतिवेदनमा उल्लेख छ।प्रतिवेदनअनुसार सबैभन्दा धेरै दोलखामा २६ राउण्ड, हुम्लामा १८ राउण्ड, बाजुरामा ५ राउण्ड, डोटी र ताप्लेजुङमा ४-४ राउण्ड गोली फायर गरेको हो ।

त्यस्तै दार्चुला, रौतहट र सिरहामा ३-३ राउण्ड, स्याङ्जामा २ राउण्ड र चितवनमा १ राउण्ड हवाइ फायर भएको भएको हो । त्यस्तै निर्वाचनका क्रममा देशभरि २८ स्थानमा बम फेला परेको प्रतिवेदनमा उल्लेख छ। त्यसमध्ये ८ वटा विस्फोट हुँदा दुई जना घाइते भएका छन्।

इन्सेकले देशभरि पर्यवेक्षकमार्फत् प्रतिवेदन तयार पारेको थियो। इन्सेकका कार्यकारी निर्देशक विजयराज गौतमले उक्त प्रतिवेदन प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियालाई बुझाएका छन्। कार्यकारी निर्देशकका अनुसार देशभरि करिब ६२ प्रतिशत मत खसेको हो।

मतदानमा युवाहरुको सहभागिता एकदमै न्युन रहेको उनको भनाइ छ। प्रतिवेदन बुझ्दै प्रमुख निर्वाचन आयुक्त थपलियाले मतदाता शिक्षालाई पाठ्यक्रममै समावेश गराउनुपर्ने बताएका थिए। उनले चार वटा मतपत्र भएकाले पनि केही कठिनाई आएको र त्यसलाई आगामी दिनमा परिस्कृत बनाउँदै लैजाने बताए।

## डिमेन्सिया बिरामीको ..................................................

सार्वजनिक आवास ब्लकहरूमा एउटा प्रणाली प्रयोग गरेको छ जसले छिमेकी वा परिवारका सदस्यहरूलाई संवेदनशील सतर्कता सूचना पठाउँछ। जस्तो हातधुने बेसिनको धारा निकैबेरसम्म खुलै रह्यो भने त्यो प्रणालीले तुरुन्त सन्देश पठाइदिन्छ।

इम्पेरियल कलेज लण्डनमा रहेको युके डिमेन्सिया रिसर्च इन्स्टिच्युट्सको केयर रिसर्च एण्ड टेक्नोलोजी सेन्टरका अनुसन्धानकर्ताहरूले यसलाई थप सुधार गर्न काम गरिरहेका छन्।

डिमेन्सियाका बिरामी भएका घरमा इन्फ्रा-रेड र राडार सेन्सरहरू जडान गरिएका छन्। तिनले बिरामीले लगाएका घडी, श्रवणयन्त्र, ब्रेन-स्क्यानरजस्ता उपकरणहरूमार्फत संकट सुरु हुनु अघि नै सतर्कता संकेत दिँदै तथ्यांक उपलब्ध गराउन थाल्छन्।

त्यतिमात्र होइन विस्मृति समस्या भएकाहरूका लागि एप्लिकेशनहरू पनि छन्। जस्तै हाउ डु आई भन्ने प्राविधिक कम्पनीले बनाएको रिफ्रेश प्लेयर र रिफ्रेस स्टुडियो आदि। ती एप्लिकेशनले पर्सनलाइज्ड मेमोरीलाई सपोर्ट गर्छन्। त्यसमा दैनिक कार्यहरू कसरी गर्ने भनेर सिकाउने भिडियोहरू पनि पर्छन्। जस्तै नुहाउनु, कित्लीमा पानी उमाल्नु आदि

वृद्धहरूको स्याहार गर्ने रोबोटिक बनाउन जापानले नेतृत्व गर्दै आएको छ। उदाहरणका लागि पारो भनिने खेलौनालाई लिन सकिन्छ। मुलायम भुवा भएको हेर्दा प्रियदेखिने यो जनावर लाई थेरापी एनिमलका रुपमा प्रयोग गरिन्छ। त्यस्तै गेम खेल्ने, केटाकेटीले जस्तो कुरा गर्ने र व्यायामका विभिन्न अवस्थिति प्रस्तुत गर्ने र हेर्दा पनि मानिसजस्तै देखिने रोबोटहरू सयकडौं स्याहार केन्द्रमा तैनात गरिएका छन्।

तर संसारका धेरै भागका अधिकांश मानिसका लागि, डिमेन्सियाका बिरामी र उनीहरूका हेरचाहकर्ताहरूलाई गर्न सकिने सबैभन्दा राम्रो प्रयास भनेको ढोकामा दैनिक ढकढक्याउनु र सुश्री इभान्सले जस्तै फोन गर्न वा सम्झाउन केही लेखेर 'पोस्ट इट नोट्स' छाड्न सकिन्छ। जस्तो तपाइँको हात धुने वेला भयो, सुत्ने वेला भयो आदि।

शारीरिक रुपमा स्वस्थ भइन्जेल डिमेन्सियाका बिरामीलाई हेरचाह गृहमा पठाउने सम्बन्धमा विचार गर्ने समय अब छैन। धेरैले एक्ल्याएर राख्ने नीति कडाइका साथ लागू गरेका छन्, त्यहाँ कसैलाई जाने अनुमति नै दिइँदैन। धेरैले कोभिड १९ को संक्रमण प्रकोप देखेका छन्।

लण्डन स्कूल अफ इकोनोमिक्सका शिक्षाविद्हरूले गरेको एउटा अध्ययन अनुसार धेरै युरोपेली देशहरूमा कोभिड १९ को संक्रमणका कारण भएका करिब आधाजति मृत्यु हेरचाह केन्द्रहरूमै भएको छ।

डिमेन्सियाका बिरामीलाई हेरचाह गने मानिसहरू संक्रमित हुनु दुर्भाग्यपूर्ण हो। उनीहरू अस्पतालमा भर्ति हुन आउँछन्, जुन उनीहरूको आरोपका लागि अन्तिम उपाय हो।

अल्जाइमर्स डिजिज इन्टरनेशनल डिमेन्सियाका बिरामीका बारेमा वकालत गने समूह हो। समूहले यसै महिना प्रस्तुत गरेको परिस्थितिपत्रमार्फत "८० वर्ष भन्दा बढीका मानिसहरू जो अन्य रोगसँग पनि लडिरहेका छन्, र कोभिड १९ संक्रमण भएर अस्पताल भर्ना हुनु पर्ने अवस्था छ उनीहरूलाई फाइदा हुने संभावना कमै हुन्छ किनभने ती सबै जोखिममा हुन्छन्।" अनुभवले अलमलमा पार्न र द्विविधा बढाउँदै लान सक्छ। पीडा र दिग्भ्रमित हुने स्थिति आउन सक्छ। "धेरैजसो मानिसका लागि यो भयावह नै हुनेछ" गिल लिभिङस्टोन (लण्डन विश्वविद्यालयमा वृद्ध मानिसको मनोरोग सम्बन्धी प्राध्यापक) भन्छन् "तर उनीहरूका लागि अझै डरलाग्दो हुनेछ।"

त्यहाँ अर्को पनि डर हुन्छ, जब ट्रायेज ( सिकिस्त बिरामीहरूलाई वर्गीकरण गने विधि) को कुरा आउँछ तब अत्यावश्यक चिकित्सकीय उपचार र सुविधा पाउनेहरूमा डिमेन्सिया युक्त बृद्ध रोगीको पालो अन्तिममा आउँछ। जुन बिरामीको गुणस्तरीय जीवनयापन र कमजोरीको सन्दर्भमा सन्देहपूर्ण धारणामा आधारित हुन्छ।

अल्पकालिक खतराहरूका अतिरिक्त भाइरसले डिमेन्सियासँग सामना गरिरहेकाहरूलाई पनि गुटमुट्यायो। त्यहाँ अर्को डर भनेको त्यस्तो अवस्थामा रहेकाहरूलाई यसले दीर्घकालिक क्षति पुऱ्याउन सक्छ कि भन्ने हो।

त्यसको एउटा कारण धेरै शारीरिक रोगहरूसँग जोडिन्छः आपतकालका दौरान धेरै मानिसहरू संक्रमण हुने डरले वा स्वास्थ्य सेवा सम्बन्धी स्रोतहरू अरुलाई तत्काल आवश्यक भएको हुन सक्छ भनेर सहयोग माग्न सावधान भएका हुन्छन्।

प्रोफेसर लिभिङस्टोन भन्छिन्, आफूले काम गर्ने "मेमोरी क्लिनिक" बन्द गर्ने निर्णय गरिएछ किनभने डाक्टरहरूले "निदान नभई छोटो अवधिको लागि मानिसहरू भेट्नु बढी जोखिमपूर्ण छ" भन्ने निष्कर्ष निकालेका रहेछन्।

तर डिमेन्सिया निदान नगरी बसेकाहरूलाई जति ढिलो गर्यो त्यति धेरै खतरा हुन्छ। अरुले बिर्सिएर त्यस्तो गरेको भनिरहेका छन् भने उनीहरूले आगो सल्काइरहेका हुनसक्छन्। जस्तो उनीहरूले सवारी चलाइरहेका हुनसक्छन्, जबकि उनीहरू सुरक्षित तवरले त्यस्तो काम गनै सक्दैनन्।

डिमेन्सिया सम्बन्धी वैज्ञानिक अनुसन्धानलाई पनि महामारीले बाधा पुऱ्याएको छ। मानिसको जिउने तरिकाले उसको संज्ञानात्मक प्रक्रियालाई सुस्त गराउँदै वा पक्रँदै परिवर्तन गर्छ भन्ने विषयमा नवप्रवर्तनकारी अध्ययन गरिरहेकी फिनल्यान्डकी स्नायू वैज्ञानिक 'मिया किविपेल्टो' ले आफ्ना अध्ययनका अनुगमनमूलक पछिल्ला अनुसन्धान रोक्नु परेको छ। स्वएकान्तवास (सेल्फ आइसोलेसन) को परिस्थितिले यस्तो अध्ययन असम्भव बनाइदिएको छ।

यसैगरी अमेरिकी फर्मास्युटिकल कम्पनी, बायोजेनले अल्जाइमरको संभावित उपचार एडुकानुमावको उपयोग गर्ने अनुमति प्राप्त गर्न पर्खिनु परेको छ। क्लिनिकल परीक्षणहरूको सञ्चालनमा कठिनाई भोगे बाहेक कम्पनीले कोभिड १९ महामारीको पनि सामना गर्नुपर्यो। अल्जाइमर रोगको उपचारका लागि तयार गरिएका धेरै औषधिहरू विफल भइसकेका छन् र यसबारेमा आशावादी हुनु नै उत्तम सावधानी थियो। तर रोगबाट पीडितहरूमध्ये केहीका लागि यो लामो सुरुङको अन्त्यमा देखिने उज्यालोको किरण थियो।

कोभिड १९ भन्दा अघि डिमेन्सिया अनुसन्धान र हेरचाह गर्ने अभियानकर्ताहरू आफूहरूले प्रगति गरिरहेका छौं भन्ने विश्वास गर्थे। डिमेन्सिया बुढेसकालको अपरिहार्य विशेषता होइन भन्ने तर्क उनीहरूको थियो तर अशक्ततालाई यसै गरी उपचार गर्नुपर्छ भन्ने सर्वत्र स्वीकार गरिएको थियो।

त्यसैले उनीहरूको एउटा मामिला डिमेन्सियाले एउटा वास्तविक र विश्वव्यापी संकटको प्रतिनिधित्व गर्छ भन्ने थियो। प्रतिव्यक्ति औषत आयु (लाइफ एक्सपेक्टेन्सी) बढ्दै गएपछि विशेष गरी विकासोन्मुख देशहरूमा त्यस्तो अवस्थाका मानिसहरूको संख्या बढ्दै जान्छ र विश्वमा सन् २०३० सम्ममा ८ करोड (८० मिलियन) र २०५० सम्ममा १ अर्ब ५० करोड (१५० मिलियन) पुग्ने छ।

जसरी जनसंख्या वृद्धि सुस्त हुन्छ त्यसैगरी उनीहरूलाई हेरचाह गर्ने मानिसहरूको कमी हुने छ। अहिलेसम्म कुनै पनि देशले यो समस्यासँग जुध्न वा यति ठूलो संख्याका मानिसहरूलाई हेरचाह गर्न आवश्यक एउटा राम्रो योजना तयार गरेका छैनन्।

आशावादीहरूले वर्तमान महामारीतिर इशारा गर्दै संकटको गहिराइले कति गर्न सकिन्छ भनेर देखाउँछ भन्ने तर्क गर्छन्। सायद अझै वास्तविक रुपमा यसले डिमेन्सियाको लागि विश्वव्यापी प्राथमिकताहरूको सूची तल झर्ने अर्को कारण दिएको छ।

आवरणः सांकेतिक तस्बिर, एक नेपाली वृद्धा तस्बिरः राजेश घिमिरे

(द इकोनोमिस्टमा प्रकाशित सामग्रीको टी एन घिमिरेले गर्नुभएको भावानुवाद)

श्रोतः आइएनएस-स्वतन्त्र समाचार

# बालाचतुर्दशी, पशुपतिनाथ मेला

प्रत्येक वर्ष मार्गशीर्षकृष्ण त्रयोदशीका दिन पशुपति क्षेत्रमा दिवङ्गत पितृको सद्गतिको कामना गर्र्दै पशुपतिनाथलगायत देशभरका शिवालयमा गरिने महादीपदान पर्व आज मनाइँदैछ । यसअन्तर्गत पितृका नाममा बत्ती बाल्न बिहानैदेखि पशुपति क्षेत्रमा भक्तजनको भीड सुरु हुन्छ । त्रयोदशीको बिहानदेखि भेला भएका भक्तजनले बेलुकी विधिपूर्वक पितृका नाममा बत्ती बाल्छन् । चतुर्दशीका दिन बिहान भने दिवङ्गत पितृको सद्गतिको कामना गर्दै सतबीज छरिन्छ । त्रयोदशीको बेलुकीदेखि दिवङ्गत पितृका नाममा अखण्ड महादीपदान गरी बसेका भक्तजनले चतुर्दशीको बिहान पितृको सद्गतिको कामना गर्दै सतबीज छर्छन् । यस अवसरमा पशुपतिनाथ मन्दिरलगायत देशभरका शिवमन्दिरमा भक्तजनको भीड लाग्छ । बालाचतुर्दशीको अघिल्लो रात सोमबार दिवङ्गत पितृका नाममा महादीपदान गर्न लाखौं भक्तजन आएर रातभर जाग्राम बसेका छन् । सोमबार रातभर दीपदान गरी बसेका भक्तजनले मङ्गलबार बिहानै पितृको सम्झनामा सतबीज छरी बालाचतुर्दशी पर्व मनाउँछन् । प्रत्येक वर्ष मार्गशीर्ष कृष्ण चतुर्दशीका दिन बालाचतुर्दशी पर्व मनाउन देशका विभिन्न स्थानबाट भक्तजन पशुपतिनाथमा आउँछन् । यसरी आएका श्रद्धालु भक्तजनको मार्गशीर्ष कृष्ण त्रयोदशीको बिहानैदेखि पशुपति क्षेत्रमा भीड लाग्ने गर्छ । बत्ती बाल्न बस्ने ठाउँ रोक्न बिहानैदेखि देशका विभिन्न स्थानबाट आएका भक्तजनको पशुपतिमा भीड लाग्ने गरेको हो । जाडोको मौसम भएकाले पाललगायत व्यवस्था गरिएको पशुपति क्षेत्र विकास कोषले जनाएको छ । पशुपति क्षेत्रमा सोमबार बिहानैदेखि सुरक्षाकर्मी लगायतको बाक्लो उपस्थिति रहने गरी व्यवस्था मिलाइएको कोषका प्रवक्ता रेवतीरमण अधिकारीले जानकारी दिनुभयो । आफ्नो परिवारभित्रका दिवङ्गत आत्माको चिरशान्तिको कामना गर्दै एक सय आठ शिवलिङ्ग, कैलाश, सूर्यघाट, गौरीघाट, आर्यघाट, गुह्येश्वरी, पशुपति, मृगस्थली, विश्वरूप र किराँतेश्वर आदि ठाउँमा सतबीज छर्ने गरिन्छ । बालाचतुर्दशीको पूर्वसन्ध्या मार्गशीर्ष कृष्ण त्रयोदशीका दिन राति भक्तजनले पशुपतिनाथको मन्दिरवरपर बसी दिवङ्गत आत्माका नाममा महादीप बाली भजनकीर्तन र लोक झाँकी प्रस्तुत गरी रात बिताउँछन् । सतबीज भनिए पनि हाल सप्तबीज (धान, जौ, तिल, गहुँ, चना, मकै, कागुनो) छर्दै मृगस्थलीमा रहेका बहिरा गणेश नजिक आइपुगेपछि उक्त गणेशको शिलालाई हल्लाउँदै ठूलो स्वरले दिवङ्गत आत्माले पाउने गरी सन्देश पुऱ्याउन अनुरोध गरिन्छ । हेमाद्रि नामक धर्मग्रन्थमा उल्लेख गरिएअनुसार सतबीज भन्नाले धानका सय गेडा छर्नुपने अरू अन्न होइन भन्नुहुन्छ धर्मशास्त्रविद् प्रा डा रामचन्द्र गौतम । भगवान् शिव मृगरूप लिएर घुम्नुभएको पुण्य क्षेत्रमा आजका दिन एक गेडा बीज छर्दा एक गेडा सुन दान गरेबराबरको पुण्य मिल्ने र दिवङ्गत आत्माले पनि मुक्ति पाउने चर्चा विभिन्न धर्मग्रन्थमा गरिएको छ उहाँले भन्नुभयो । वाग्मती किनारको मृगस्थलीमा भगवान् शिव मृगरूप धारण गरेर विहार गर्नुभएको थाहा पाई त्यस शिवरूपी मृगलाई चिन्न पार्वतीले विभिन्न किसिमको बीज छरेको र ती बीज उम्री हरिया भएपछि मृगहरू आउँदा सो बथानमा भगवान् शिवलाई पार्वतीले चिन्न सकेको किंवदन्ती छ । यसैगरी बालाचतुर्दशीसँग जोडिएको अर्को एउटा कथा पनि छ । सो कथाअनुसार उहिले पशुपतिको मुर्दाघाटमा बस्ने 'बालानन्द' नामका एक मानिस खाजा खान लाग्दा त्यसै बखत पोलिएको शवको टाउको फुट्न गई उछिट्टिएको गिदी उनको च्युरामा परेको थियो । सो गिदीसँगै च्युरा खाँदा झन् मीठो भएकाले त्यसै बेलादेखि उनी मुर्दाको गिदी खान पल्किए । त्यसपछि मानिसको गिदी खाने तथा लामालामा दाह्री, जुँगा र कपालले गर्दा मानिस डराई उसलाई बालासुर राक्षस भन्न थालेको र त्यसै बखत उसको राम्रो परिचय पाएका एकजना थकाली बूढाको सल्लाहअनुसार स्थानीय बासिन्दाले बालासुरको मित वृषसिंहमार्फत उसलाई मार्न लगाएको कथा पनि प्रचलित छ । आफ्ना मितको हत्याबाट छट्पटाएका वृषसिंहलाई एक रात सपनामा भगवान् शिवजीले दर्शन दिई सतबीज छर्ने आज्ञा दिनुभएको थियो ।



मार्गकृष्ण चतुर्दशीका दिन श्लेषमान्तक वनको वरिपरि सतबीज छर्दा बालासुर वैतरणी तरेर गएकाले त्यसै बेलादेखि यस दिनलाई बालाचतुर्दशी भनी दिवङ्गत आत्माको शान्तिका लागि सतबीज छर्ने गरिएको हो । माता पिता दिवङ्गत भई एक वर्ष पूरा नभएकाले भने शास्त्रीय रूपमा दीपदान एवं सतबीज रोपण गर्नुनहुने धर्मशास्त्रविद् गौतमले सुनाउनुभयो । धर्मसिन्धु नामक ग्रन्थमा बरखी बारेकाले शिवको पूजाआजा त परको कुरा नामसमेत लिनु नहुने उल्लेख गरिएको छ । यस अवसरमा पशुपति क्षेत्र पुग्ने भक्तजनले वासुकी र गुह्येश्वरीको पूजा गर्नुपर्ने शास्त्रीय वचन रहेको जनाइएको छ ।

# कार्की दम्पतीलाई छोएन चुनावले

काठमाडौं, ४ मङ्सिर (रासस) : बर्दिया ठाकुरद्वार-९ का गोरखबहादुर कार्की एकसुरमा हथौडा चलाइरहनु छ । उहाँलाई सघाउँदै श्रीमति नजिकै बालुवा र सिमेन्टको घोल बनाउँदै हुनुहुन्छ ।

देशभर प्रतिनिधिसभा र प्रदेशसभाको मतदान जारी छ तर कार्की दम्पत्ती बेखबर नभए पनि मतदानको अवसर पाउनुभएको छैन । बरु परिवारको खर्च टार्न चुवानको दिन पनि दिनभर मजदुरीमै हुनुहुन्छ उहाँहरु मुलुक चलाउने सिंहदरबार नजिकै । "भरपेट खाएर आनन्दको निद्रा सुत्नु छ", कार्की दम्पतीले एकै स्वरमा सुनाउनुभयो । निर्वाचनकै दिन आज सिंहदरबारको दक्षिण गेट नजिकै कार्की दम्पती आफ्नै सुरमा श्रम व्यस्त हुनुहुन्छ । उहाँहरुलाई हामीले सोध्यौं, "भोट हाल्न किन नजाउनुभएको ?" "मतदाता नामावली गाउँतिरै छ, यता शहरमा भोट हाल्न पाइएन । भोट हाल्न जाउँ भनेर कसैले भनेन् । कसैले खबर गरेको भए जाने थियौं ।"

बर्दिया घर भएका दम्पती विगत छ महिनादेखि यहीं बसेर ज्यामी काम गर्दै आउनुभएको छ । भोट हाल्न गाउँ नगइ राजधानीमा सङ्घर्षरत कार्की दम्पतीले दैनिक रु एक हजार आठ सयदेखि रु दुई हजारसम्म आम्दानी गर्नुहुन्छ ।

"छोराछोरी हुर्काइयो पढाइयो तर अहिले ठूला भएपछि छुट्टिएर बसेका छन्", कार्कीले भन्नुभयो, "हामी बुढाबुढीलाई पेट पाल्न मजदुरी गर्नुपरेको छ ।" कार्कीलाई यसपटकको निर्वाचनमा मतदान गर्न मन नभएको भने होइन । तर मेसो नमिलेको उहाँको भनाइ छ ।

कार्की दम्पतीको जस्तै व्यथा बझाङ केदारस्यूँ गाउँपालिकाकी बर्मा धामीको पनि छ । मुलुकभर मतदान चलिरहेका बेला उहाँ भने काठमाडौँको रामशाह पथमा पिठ्यूँमा गह्रौ झोला बोकेर हिँडिरहनुभएको छ । उहाँलाई पनि गाउँ गएर आजको दिन भोट हाल्ने रहर थियो । तर आफ्नै समस्याका कारण गाउँ जान सक्नुभएन ।

"पढ्ने मान्छे परियो, भर्खरै आएकाले गाउँ जान पनि सकिन, घर जान धेरै पैसा लाग्छ," उहाँले भन्नुभयो, "कसैले जाउँ पनि भनेनन्, रहर त किन नहुँदो हो र ।"

धामी पुतलीसडकमा रहेको आफन्तकहाँ बस्दै आउनुभएको रहेछ । चुनावका दिन गाडी नचल्ने भएपछि उहाँ ललितपुरको टीकाथलीसम्म पुग्न पैदल हिँडेको सुनाउनुभयो । "आज गाडी चल्दैन भन्ने थाहा थिएन, चल्ने भएको भए सजिलो हुन्थ्योहोला", उहाँले भन्नुभयो, "तर नपुगी नहुने भएपछि पैदल हिँडेकी हुँ ।"

धामी जस्तै रामेछापका सङ्गीता थापा र शारदा थापा पनि भद्रकालीदेखि अनामनगरतिर पैलदै हिँड्नु भएको छ । भोट हाल्न गाउँ जान नपाएपछि चुनावका दिन मन्दिर दर्शन गर्न आउनु भएको रहेछ । भद्रकाली मन्दिरमा दर्शन गरी फर्कँदै गर्नुभएका उहाँहरु बच्चा लिएर गाउँ जान समस्या हुने भएकाले नगएको बताउनुभयो ।

निर्वाचन आयोगले सुरक्षालाई दृष्टिगत गर्दै मतदानका दिन विहान ४ बजेदेखि साँझ ७ बजेसम्म उपत्यकामा सार्वजनिक सवारीसाधन चलाउन रोक लगाएको छ । सञ्चारमाध्यम, खानेपानी, विद्युत्, एम्बुलेन्स, दमकलजस्ता अत्यावश्यक सवारी साधन भने सञ्चालन भइरहेका छन् । निर्वाचन आयोगका अनुसार देशभर एक करोड ७९ लाख ८८ हजार ७० मतदाता छन् । यो सङ्ख्या आयोगले कार्की दम्पती जस्ता मतदान गर्न नपाएकाहरुलाई पनि गणना गरेको छ । केही आर्थिक अभाव तथा केही आफ्नै कारणले चुनावको उत्सवमा मतदान गर्नबाट बञ्चित भएका छन् । निर्वाचन आयोगका सहायक प्रवक्ता सूर्यप्रसाद अर्यालका अनुसार मतदाता नामावली ऐनले निजामति कर्मचारी, सुरक्षाकर्मी, कैदीबन्दी, दर्ता भएर सञ्चालन भएका बृद्धाआश्रमलाई समेटेको भए पनि पेशा व्यवसाय गरेका सर्वसाधारणलाई समेटन सकेको छैन । अन्तर्राष्ट्रिय अभ्यासमा कुनै स्थानमा तीनदेखि छ महिनासम्म नियमित रुपमा जुन स्थानमा बसोबास गरेको हो, त्यही स्थानबाट मत दिने व्यवस्था गरिएको हुन्छ । तर, हाम्रोमा निर्वाचन कानूनमा सुधार नगरी यस्तो प्रबन्ध गर्न नसकिएको सहायक प्रवक्ता अर्यालको भनाइ छ ।

## मधेशमा ६२.५ प्रतिशत ....................

का प्रवक्ता प्रहरी उपरीक्षक सुमन कुमार तिम्सिनाले बारा, रौतहट, सिरहा र धनुषा सहितका जिल्लाको पाँच ठाउँमा सामान्य झडप भएको जानकारी दिए ।

झडपलाई नियन्त्रणमा लिनका लागि प्रहरीले ६ राउण्ड हवाई फायर गरेको उनले जानकारी दिए । उनका अनुसार प्रहरीले सिरहाको कर्जनहा नगरपालिकाको अर्नमामा ३ राउण्ड र रौतहटको दुई स्थानमा ३ राउण्ड हवाई फायर गरेको हो ।

सिरहामा मतपेटिका नै लिएर केही व्यक्ति भाग्न खोज्दा तनावग्रस्त अवस्था नियन्त्रणमा लिन प्रहरीले हवाई फायर थियो ।


उता रौतहट जिल्लाको गुजरा नगरपालिका र गरुडामा पनि गोली चलेको हो ।रौतहटको गुजारा नगरपालिका-४ को मतदान केन्द्रमा एक राउण्ड गोली चलेको हो ।

उक्त मतदान केन्द्रमा सत्ता गठबन्धन र नेकपा (एमाले) नेतृत्वको गठबन्धनका कार्यकर्ताबीच झडप भएपछि प्रहरीले हवाई फायर गरेको थियो । यस्तै गरुडाको प्राविभवन अमरपट्टि मतदान केन्द्रमा दुई राउन्ड गोली चलेको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ । मतदान गर्ने क्रममा विवाद हुँदा गोली चलेको प्रहरीले जनाएको छ ।

यस प्रदेशमा २ हजार १५६ मतदान स्थल र ४ हजार २३५ मतदान केन्द्र निर्धारण गरिएको थियो । प्रदेशमा कूल ३३ लाख ८६ हजार ६२८ मतदाता रहेका छन् । प्रदेशका ३२ प्रतिनिधि तथा ६४ प्रदेशसभा निर्वाचन क्षेत्रका लागि मतदान सम्पन्न भएकोमा प्रदेशमा १८ लाख २७ हजार ८५४ पुरुष, १५ लाख ५८ हजार ७०४ महिला र ७० जना अन्य मतदाता छन् ।

# युद्धको निन्दा गर्दै खुला व्यापार प्रवर्द्धनमा एपेक नेतृत्वको जोड

ब्याङकक, ४ मङ्सिर
एशिया-प्रशान्त क्षेत्रका नेताहरूले युक्रेन युद्ध अन्त्यको आह्वान गर्दै यस क्षेत्रको दिगो आर्थिक उन्नयन तथा खुला व्यापार प्रवर्द्धनका निम्ति काम गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । एशिया-प्रशान्त आर्थिक सहयोग (एपेक) का प्रमुख कार्यकारी अधिकृतहरूको शिखर सम्मेलन समापनका अवसरमा सम्मेलन आयोजक देश थाइल्याण्डले युक्रेनमाथि रुसले गरेको आक्रमणको निन्दा गरेको जनाएको छ । एक्काइस सदस्यीय एपेकका सदस्य चीन र रुस पनि हुन् । यद्यपि चीनले रुसी आक्रमणको आलोचना गरेको छैन ।शिखर सम्मेलन समाप्तिपछि जारी घोषणापत्रमा युद्धका बारेमा एपेक नेतृत्वको मत बाझिएको छ । एपेकले आर्थिक सम्बन्ध विस्तार र व्यापार प्रवर्द्धनलाई नै जोड दिएको तथा एपेक द्वन्द्व समाधानको मञ्च नभएको जनाइएको छ । मञ्चले युद्ध र द्वन्द्वबाट आर्थिक विकासका मार्गमा अकल्पनीय परिणाम ल्याउन सक्नेतर्फ सचेत गराएको छ ।एपेकका अधिकांश सदस्यले युक्रेनमाथि भएको आक्रमणको कडा शव्दमा निन्दा गरेका थिए । युक्रेन युद्धले ठूलो मानवीय पीडा निम्त्याएको, विश्व बजारमा महँगी बढेको, आपूर्ति शृङ्खलामा समस्या उत्पन्न भएको, खाद्य असुरक्षा र वित्तीय जोखिम निम्त्याएकामा गम्भीर चिन्ता व्यक्त गरेका थिए । यसअघि इन्डोनेसियाको बालीमा भएको विश्वका प्रमुख विकसित एवम् उदीयमान अर्थतन्त्रलाई जोड्ने रणनीतिक बहुपक्षीय मञ्च जी ट्वेन्टीले पनि संयुक्त राष्ट्रसङ्घीय महासभाले प्रस्तुत गरेको प्रस्तावप्रति समर्थन जनाउँदै युक्रेनविरुद्ध रुसले गरेको आक्रमणको निन्दा गरेको थियो । उक्त अन्तरसरकारी समूहले युक्रेनी भूभाग रुसले विनाशर्त फिर्ता गर्नुपर्नेमा जोड दिएको थियो ।




सम्मेलन समापनका क्रममा दक्षिणपूर्वी एशियाली देशमा भएका घटनाको समीक्षा पनि भएको थियो । कोभिड-१९ को महामारीका कारण दुई वर्षसम्म आमनेसामने वार्ताको अवसर नपाएका नेताले 'साइड लाइन' वार्तामा क्षेत्रीय र अन्तर्राष्ट्रि चासोका विविध विषयमा विचारविमर्श गरेका थिए । शिखर सम्मेलन समापन समारोहलाई सम्बोधन गर्दै चीनका राष्ट्रपति सी चिनफिङले खुला व्यापार र लगानीका निम्ति आह्वान गर्नुभएको थियो । उहाँले बहुपक्षीयतालाई वास्तविक रुपमा कायम राख्नुपर्ने, बहुपक्षीय व्यापार प्रणालीको रक्षा गर्नुपर्ने, विधिमा आधारित बहुपक्षीय व्यापार प्रणालीको संरक्षण गर्न तथा विश्वव्यापी औद्योगिक एवम् आपूर्ति शृङ्खलालाई सुरक्षित एवम् स्थिर राख्न साझा प्रयास हुनुपर्नेमा विशेष जोड दिएका थिए । (रासस/एपी)

# दक्षिण सुडानको हिंसाप्रति संयुक्त राष्ट्रसंघको चासो

जुबा, ४ मङ्सिर
दक्षिण सुडानमा जारी रहेको हिंसाप्रति संयुक्त राष्ट्रसङ्घले चासो व्यक्त गरेको छ ।
संयुक्त राष्ट्रसङ्घले दक्षिण सुडानको अपर नाइल राज्यमा सुरु भएको पछिल्लो हिंसा निकै चिन्ताजनक रहेको भन्दै त्यसप्रति चासो व्यक्त गरेको हो ।
अपर नाइलको फासोदा जिल्लामा यहाँका सिलक सशस्त्र समूह र नुइर विद्रोही समूहका बीचमा केही दिन यतादेखि हिंसा सुरु भएको बताइएको छ ।
संयुक्त राष्ट्रसङ्घले सो हिंसाका कारण यस क्षेत्रको वरपरका नगरहरुमा पनि असर गरेको त्यहाँका नागरिकहरु घर छोडेर भाग्ने क्रम बढ्दै गएकाले सो हिंसा रोक्न सबै पक्षका आवश्यक सहयोग र समन्वयको अपेक्षा गरिएको जनाएको छ । गएको अगष्ट महिनामा यहाँका स्थानीय कैयौं हिंसात्मक समूहहरुका कारण ठूलो सङ्ख्याका मानिसहरु पनि विस्थापित हुन पुगेका भन्दै यसबाट यहाँका नागरिकमा त्रास बढेको बताइएको छ ।



संयुक्त राष्ट्रसङ्घले सो हिंसामा परेर यहाँका सयौं मानिस मारिएका छन् भने हजारौं जना विस्थापित भएका छन् । विस्थापित व्यक्तिहरुको बसोबासको अवस्था नरहेको र उनीहरु देशभित्रै शरणार्थी बनिरहेकाले हिंसा रोक्नेतर्फ पहल हुनुपर्ने बताएको छ ।
दक्षिण सुडानी सुरक्षा निकायहरुले यहाँको हिंसा रोक्ने प्रयत्न गरेका भए पनि धेरै युवाहरुको संलग्नता विद्रोही समूहहरुमा रहेका र उनीहरुले निकै क्रुर हिंसामा संलग्न हुदै गएकाले समस्या उत्पन्न भएको संयुक्त राष्ट्रसङ्घले जनाएको छ ।
दक्षिणी सुडानमा रहेको संयुक्त राष्ट्रसङ्घीय मिसनले यहाँको हिंसाको अन्त्यका लागि सबैसँग आग्रह गरेको हो ।
ती विद्रोही समूहहरुलाई हिंसात्मक आक्रमणको काम तत्कालै रोकेर शान्तिपूर्ण वार्ताका माध्यमबाट सबै समस्याको समाधान गर्न आग्रह गरेको हो । रासस/सिन्ह्वा

# जलवायु सम्मेलन: क्षतिपूर्ति कोष स्थापना

शर्म एल-शेख, ४ मङ्सिर
गत कात्तिक २० गतेदेखि यहाँ शुरु भएको जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय सम्मेलन हरितगृह ग्यास उत्सर्जन घटाउन असफल भएपनि उत्सर्जनका कारण प्रभावित निर्धन राष्ट्रलाई क्षतिपूर्ति उपलव्ध गराउने कोष स्थापना गर्न सफल भएको छ । नवस्थापित कोषलाई गरिब राष्ट्रहरूले आफ्नो जितका रूपमा लिएका छन् । कोषबाट बाढी, खडेरी, आँधीलगायत जलवायुजन्य क्षतिको शिकार बनेका देशलाई सहायतास्वरुप रकम भुक्तानी हुनेछ । साना टापु राष्ट्र समुद्री सतह बढेका कारण जलवायु परिवर्तनको चरम चपेटामा परेका छन् । कोष स्थापनापछि टुभालुका अर्थमन्त्री सेभ पेनिउले तीन दशक लामो सङ्घर्षपछि विश्वका करोडौं




मानिसलाई न्याय मिलेको तथा क्षति सम्बोधनमाा मद्दत पुगेको बताएका छन्भने पाकिस्तानका वातावरणमन्त्री शेरी रहमानले कोष दान दिने परोपकरी निकाय नभएको टिप्पणी गरेका छन् । त्यसअघि सम्मेलनमा उपस्थित सबै देशका प्रतिनिधिले कोष स्थापनासम्बन्धी प्रस्ताव पारित भएपछि त्यसको स्वागत गरेका थिए । कोष स्थापनाका निम्ति दिनभर प्रतिनिधिहरूबीच माथापच्ची भएको थियो । कोष स्थापनासँगै संयुक्त राज्य अमेरिका, चीन, भारत, युरोपेली सङ्घमा आवद्ध औद्योगिक राष्ट्र र समूहले क्षतिपूर्ति रकम कोषमा जम्मा गर्नुपर्नेछ। आइतवारनै कोप -२७ समापनको घोषणा हुनेछ । कोप-२७ अध्यक्ष इजिप्टका राष्ट्रपतिले अर्को सम्मेलन आयोजना गर्ने मुलुक संयुक्त अरब इमिरेट्सलाई अध्यक्षता हन्तान्तरण गरेको छ। (रासस/एपी)

# नेपालको विश्वकप यात्राका रोचक प्रसंग

काठमाण्डौ,मंसिर ४
विश्वकप फुटबल प्रतियोगितामा सहभागिता सबै राष्ट्रको सपना हुने गर्छ तर यो 'कठिन यात्रा' थोरै राष्ट्रले मात्र पार गर्न सक्छन्।अवसर भने सबै फिफा सदस्य राष्ट्रले पाउँछन् नै।नेपालले पनि विश्वकप पुग्न ३६ वर्ष अगाडि देखि प्रयास गरिरहेकै छ।भलै यसमा नेपाल दोस्रो चरणभन्दा अगाडि पुग्न सकेको छैन।साढे तीन दशकको यो यात्राका बिचमा दुई विश्वकप छनोटमा सहभागी नभएको नेपालले भाग लिएका खेलहरूमा भने अनेक इतिहास बनाउँदै आएको देखिन्छ।लामो फुटबल इतिहास भएपनि नेपालले विश्वकप छनोट खेलको शुरुआत १९८६ को विश्वकप छनोटबाट मात्र गऱ्यो, त्यो पनि आफ्नै घरेलु मैदान दशरथ रङ्गशालाबाट। वास्तवमै भन्ने हो भने १९८६ को विश्वकप यस्तो संस्करण हो, जहाँबाट नेपालीहरूलाई विश्वकप फुटबलको लत लाग्यो।यसै संस्करणका बेला नेपालमा टेलिभिजनको युग शुरु भएको थियो र नेपालीहरूले विश्वकप फुटबल हेरेर मज्जा लिएका थिए।म्याराडोनाको आर्जेन्टीनाले विश्वकप जितेको सो विश्वकप हेरेपछि नेपालमा आर्जेन्टीनाको प्रशंसकहरूको जरा गडेको थियो, जुन प्रभाव अहिलेसम्मपनि देख्न सकिन्छ। विश्वकप छनोटमा नेपालको समूहमा दक्षिण कोरिया र मलेसिया थियो। दक्षिण कोरियासँग ठूलो अन्तरले हाने अनुमान गरिएको थियो। खेल्नु अगाडि एक नेपाली पत्रिकामा नेपालका सबै खेलाडीहरू गोलपोष्टमा बल रोक्न थुप्रिएको कार्टुन नै छापिएको थियो।तर रुपकराज शर्माको 'गोल्डेन जेनेरेशन' टोली भनेर चिनिएको नेपाली टोलीले दक्षिण कोरियालाई २-० मै रोक्यो।त्यो पनि एक गोल पेनाल्टीमा र अर्को आत्मघाती गोल भएको थियो। अनि मलेसियालाई त नेपालले गोलरहित बराबरी मै रोकिदियो।जित्न नसकेपनि त्यो एक अङ्क नेपालको लागि विश्वकपमा पाएको सुखद शुरुआती अङ्क थियो। स्ट्राइकर ज्ञानीराजा श्रेष्ठले गोलको एउटा राम्रो अवसर गुमाएका थिए। त्यसपछि प्रतिस्पर्धीको मैदानमा खेलिने 'अवे' खेलमा भने नेपाल दक्षिण कोरियासँग ४-० र मलेसियासँग ५-० ले हार्न पुग्यो। दक्षिण कोरिया उक्त समूहबाट पहिलो पटक विश्वकपमा छनोट भयो। र त्यसबेला देखिउ नियमित रुपमा विश्वकपमा छनोट हुँदै आएको छ।स्मरणीय कुरा के छ भने त्यहि दक्षिण कोरियालाई च्याम्पियन आर्जेन्टीनाले विश्वकपमा मुश्किलले ३-२ ले पराजित गरेको थियो।सन् १९९० को इटली विश्वकप प्रतियोगिताका निम्ति भएका छनोट खेलहरूमा नेपाल गणेश थापाको नेतृत्वमा उत्रिएको थियो।प्रतिद्वन्द्वीहरू थिए उहि दक्षिण कोरिया र मलेसिया। त्यसमा थपिएको थियो सिंगापुर।'होम एण्ड अवे' गरी खेलिएको ६ खेलमा नेपालले कुल २८ गोल खान पुग्यो, नेपालले विश्वकप छनोटमा अहिलेसम्म खाएको सर्वाधिक गोल थियो त्यो।विश्वकपको महाकुम्भमा अभ्यस्त हुन तम्तयार हुन थालेको नेपाली टोलीले दक्षिण कोरियासँग ९-० र ४-०, मलेसियासँग २-० र ३-० तथा सिंगापुरसँग ३-० र ७-० ले पराजित हुन पुगेको थियो।सन् १९९४ को विश्वकप छनोटमा नेपालले भाग लिएन।कारण थियो नेपालमा भएको राजनीतिक परिवर्तन र त्यसको अखिल नेपाल फुटबल संघमा परेको असर। विसं २०४६ सालमा प्रजातन्त्रको प्राप्ति भएपछि खेलकुद क्षेत्र अलमलको स्थितिमा थियो।लामो समय पञ्चायती शासनमा अभ्यस्त खेलकुद त्यसको केही समय त झन्डै निष्क्रिय जस्तै बन्न पुगेको थियो। त्यसबेला एन्फामा आदित्यध्वज जोशी अध्यक्ष थिए।बहुदल प्राप्तिको यहि अलमलमा एन्फाले विश्वकप छनोटमा नाम लेखाउन चुक्यो। जापान र ओमानमा खेलिएको उक्त विश्वकप छनोटमा नेपालको प्रदर्शनभन्दा पनि चार नेपाली खेलाडीहरू जापानमा पलायन भएको घटनाले चर्चित बन्यो।जापानमा खेलिएको दोस्रो चरणका खेलका बेला खेलाडीहरू नरेन्द्र श्रेष्ठ, बबिन विष्ट, शौगेश श्रेष्ठ र राजेश थापा त्यहिँ लुके। त्यो अन्तर्राष्ट्रिय समाचारको विषय बन्यो।एन्फाका तत्कालीन महासचिव लोकबहादुर शाहीले ती खेलाडीहरूलाई पातालबाट खोजेर ल्याउँछु भन्ने चर्चित अभिव्यक्ति दिए।खेलाडीहरू खोज्न टिम मेनेजर कृष्णभक्त मानन्धर एक महिना जापानमै बसे।तर खेलाडीहरू फेला परेनन्।नेपालको नतिजा भने सन्तोषजनक नै थियो। त्यही छनोटमा नेपालले पहिलो पटक गोलको खाता खोल्यो।ओमानमा खेलिएको खेलमा नेपालले मकाउसँग १-१ को बराबरी गर्दा स्ट्राइकर हरि खड्काले नेपालको लागि पहिलो गोल गरे।जापानमा खेलिएको दोस्रो लेगमा नेपाल-मकाउको खेल १-१ कै नतिजामा टुंगिएको थियो। त्यसमा नेपालबाट गोल गर्ने खेलाडी थिए दीपक अमात्य।उक्त विश्वकप छनोटको अर्को विशेषता के रह्यो भने नेपालकै समूहमा रहेको जापानले पहिलो पटक विश्वकपमा खेल्यो र जापानको त्यो क्रम अहिलेसम्म जारी नै छ। सन् २००२ को विश्वकप छनोट प्रतियोगिताका थुप्रै पटकथाहरू छन्। यो यस्तो छनोट प्रतिस्पर्धा थियो, जतिखेर संघ विभाजित थियो, खेलाडीहरू विभाजित थिए, सहभागितामा नै अन्योल थियो।तर जब नेपालले मैदानमा उत्रियो, खेलाडीहरूले ऐतिहासिक प्रदर्शन गरे। २ जित, एक ह्याट्रिक सहित १३ गोल गरेर अहिलेसम्मकै उपलब्धिपूर्ण नतिजा लिएर टोली फर्कियो। त्यतिबेला गीता राणा र गणेश थापाको नाममा राष्ट्रिय र अन्तर्राष्ट्रिय गरी दुई एन्फा अस्तित्वमा थियो।छनोट खेल्न दुई संघको फरक फरक टोली फरक स्थानमा प्रशिक्षण गरिरहेका थिए। तर सहभागिता भने अन्योलमै थियो।तत्कालिन राखेप सदस्य सचिव विनोद शंकर पालिखेले दुवै संघलाई सहमतिमा ल्याएर राखेपकै पहलमा एउटै टिम बनाएपछि नेपालको सहभागिता सम्भव भयो।इराकी मैदानमा इराक विरुद्ध गोल गरेर खेलको शुरुआत गरेको नेपालले मकाउ विरुद्ध ४-१ को जित निकाल्यो ।
यो विश्वकप छनोटमा नेपालको पहिलो जित थियो। कजाकिस्तानमा खेलिएको अवे खेलमा मकाउलाई नेपालले ६-१ ले हरायो। निरजन रायमाझीले उक्त खेलमा ह्याट्रिक गरेर इतिहास रचे।खेलेको कुल ६ खेलमा रायमाझी एक्लैले ७ गोल गरे । उनी एसियाली छनोटमा सर्वाधिक गोल गर्ने खेलाडीमा सातौं नम्बरमा परेका थिए । नेपालबाट रायमाझीको ७ गोलका अतिरिक्त हरि खड्का र बसन्त थापाले २-२ गोल तथा बालगोपाल महर्जन र दीपक लामाले १-१ गोल गरेका थिए।इराक विरुद्ध ४-२ को हारमा त नेपालले उत्कृष्ट प्रदर्शन गरेको थियो। एक इराकी पत्रकारले "कजाकिस्तानलाई छनोट गराउन इराक विरुद्धमात्र राम्ररी खेलेको हो?" भनी प्रश्न समेत गरेका थिए।विना प्रशिक्षणको यो उपलब्धि खेलाडीहरूको लागि पनि सपना सरह नै थियो।यो विश्वकप छनोटमा नेपालले भाग लिएन । दोस्रो पटक यस्तो भयो। यसको कारण पनि अनौठो थियो।नेपालको पहिलो प्ले अफ खेल गुआमसँग थियो। नेपालले सहभागिताको लागि टिम दर्ता पनि गरिसकेको थियो।तर विश्वकप छनोट खेल्न जानु ६ महिना अगाडि दक्षिण कोरियामा भएको एसियन कप छनोटमा एउटा घटना भयो।छनोट खेल्न गएका तीन खेलाडीहरू नारायण मानन्धर, शुक्र तामाङ र दीपक लामा कोरियामा नै लुके।खेलाडी पलायन र त्यसैको कारण दक्षिण कोरियासँग १६-० गोलको इतिहासकै ठूलो अन्तरको हार बेहोरेर नेपाली टोली फर्किएको थियो। यो घटनाको असर विश्वकप छनोटको सहभागितामा पर्न गयो। किनभने गुआम अमेरिकाको अधिनमा रहेको राष्ट्र थियो र त्यहाँ जान अमेरिकाको भिसा लगाउनुपर्थ्यो। कोरियामा जसरी अमेरिकाको भिसा लागेका खेलाडीहरू पनि पक्कै भाग्नेछन् भन्ने डर एन्फा पदाधिकारीहरूमा देखियो।अखिल नेपाल फुटबल संघका अध्यक्ष गणेश थापा थिए । त्यसैले दर्ता गरिसकेको नेपालले प्रतियोगिताबाट नाम झिक्यो। बरु त्यसको लागि १० हजार डलर जरिवाना तिर्नुपऱ्यो।यसमा विशेष कुरा के रह्यो गुआमले पनि प्रतियोगिताबाट नाम झिक्यो।दुवै टिमले नाम फिर्ता लिएपछि पहिलो चरणमा पराजित भएपनि लाओसको दोस्रो चरणमा पुग्ने भाग्य जुऱ्यो। विश्वकप छनोटको प्रणाली फेरिएको थियो ।
समूह चरणमा पुग्न अगावै प्ले अफ चरण पार गर्नुपर्ने प्रणाली थियो।प्ले अफ खेलमा नेपालको प्रतिद्वन्द्वी ओमान थियो । होम एन्ड अवे को प्ले अफमा जब नेपालले दशरथ रङ्गशालामा ओमानलाई निम्तो दियो
नेपाली फुटबलको वातावरण बेग्लै थियो। एन्फा नेतृत्व विरुद्ध एक समूह सकृय भइरहेको थियो। खेलको बेलामा उनीहरूले रङ्गशालामा कालो झण्डा देखाए।खेलमा भने नेपालले राम्रो प्रदर्शन गऱ्यो। बलियो मानिएको ओमानसँग २-० ले मात्र पराजित भयो । नेपाली प्रशिक्षक श्याम थापाको प्रशंसा भयो।खेलपछिको पत्रकार सम्मेलनमा एकजनाले "के यो म्याच फिक्स थियो?" भनी प्रश्न गरे। जबाफमा भद्र छवि भएका प्रशिक्षक थापा निकै बेर रिसाएका थिए ।
नेपालले घरेलु भूमिमा विश्वकप छनोटको पूर्ण मज्जा लिएको थियो २०१४ को विश्वकप छनोटमा।प्ले अफको शुरुआतमा नेपालको प्रतिद्वन्द्वी टिमोर लिस्टे थियो। दशरथ रङ्गशालामा भएको सो खेलमा भरत खवासको शानदार ह्याट्रिकमा नेपालले खेल ५-१ ले खेल जित्यो। त्यसपछि दोस्रो राउण्डमा नेपालको भेट जोर्डनसँग भयो । जोर्डन पुग्दा नेपाल ९-० ले हार्दै फराकिलो स्कोर लिएर फर्केको थियो।तर नेपालमा निम्तो दिंदा भने स्थिति गजबको बन्यो।भरिभराउ दर्शक अनि भारी वर्षाको बिच रङ्गशालामा नेपालले जोर्डनलाई १ -१ को बराबरीमा रोक्यो।भरत खवासले नेपालको लागि गोल गरे। सन्तोष शाहुखलले डि बक्स भित्रको एउटा उत्कृष्ट अवसर गुमाउँदा नेपाल जितको मौका गुमेको थियो।कतिपयले अहिले पनि नेपालले पानी परेको बेला राम्रो खेल्छ भनेर यो खेललाई सम्झिने गर्छन्। खेलको हिसाबले सन् २०१८ को छनोट प्रभावी भएन।प्ले अफमा नेपालको प्रतिद्वन्द्वी भारत थियो। गुवाहटीमा भएको खेलमा नेपाल भारतसँग २-० ले पराजित भयो भने नेपालमा भएको खेल गोल रहित बराबरीमा टुंगिएपछि नेपालको यात्रा समाप्त भयो।तर एउटा घटना भने रोचक बन्न पुग्यो। गुवाहटीमा खेलेर कोलकाता हुँदै नेपाल फर्किने बेलामा एयरपोर्ट पुगेपछि थाहा भयो सबै खेलाडीहरूको एक्रिडिसन कार्ड ट्याक्सीमा छुटेछ । त्यसको तीन दिनपछि नेपालमा भारतसँग होम म्याच थियो र त्यसको लागि कार्ड अनिवार्य हुन्थ्यो । कार्ड खोज्न मेनेजर रमेश रायमाझी र अफिसियल सुदर्शन देवकोटा कोलकातामै बसे। उनीहरूले ट्याक्सीको नम्बर पत्ता लगाएर दुई दिन दुई रात खोजेर कोलकतामा कार्ड खोजेरै ल्याउन सफल भए।कार्ड हराउनु समस्या थिएन - एएफसीले अर्को बनाइदिन्थ्यो । तर त्यसको लागि प्रत्येक कार्डको १२ सय डलर तिर्नुपर्थ्यो । जुन ३० जना खेलाडी र अफिसियलको गरी ३६ हजार डलर हुन्थ्यो। अर्थात त्यतिबेलाको ३५ लाख रुपैयाँ भन्दा बढी। सन् २०२२ को विश्वकप छनोटका पनि थुप्रै कथाहरू छन्।तर विशेषत दुई कारणले यसलाई स्मरण गरिन्छ।एउटा कोभिडको असर र अको रङ्गशाला पुनर्निर्माणको काम पूरा नभएको हुँदा नेपालमा खेल आयोजना नहुनु। एसियाली वरीयतामा उत्कृष्ट ३४ भित्र परेकोले प्ले अफ नखेली नेपालले सिधै विश्वकप छनोट २०२२ को दोस्रो चरणमा पुगेको थियो । नेपालको समूहमा अस्ट्रेलिया, कुवेत र चाइनिज ताइपेई थियो। तालिका अनुसार नेपालले पहिले 'होम म्याच'को आयोजना गर्नु थियो र अस्ट्रेलियालाई पहिलो पटक रङ्गशालामा निम्त्याउने अवसर थियो।तर १३ औं दक्षिण एसियाली खेलकुदको लागि रङ्गशाला मर्मत भइरहेकोले नेपालले पहिले अवे म्याच खेल्न एएफसीलाई अनुरोध गऱ्यो । अस्ट्रेलिया, कुवेत अनि चाइनिज ताइपेईमा अवे म्याच खेलेर फर्केपछि अब पालो नेपालको थियो ।
तर मर्मतकै क्रममा रहेको रङ्गशाला विश्वकप छनोटको लागि योग्य नभएको एएफसीले बताएपछि नेपालले कुवेत विरुद्धको खेल भुटानलाई तटस्थ भूमि मानेर खेल्नुपऱ्यो । बाँकी दुई खेलको लागि रङ्गशाला तयार हुँदै थियो । तर विश्वव्यापी रूपमा कोभिड-१९ भाइरस संक्रमण फैलिएको कारण एएफसीले बाँकी खेल कुवेतमा लगेर आयोजना गरिदियो।लामो समय लगाएर तयार भएको दशरथ रङ्गशालाको हरियो घाँसमा आखिरमा विश्वकप छनोटको कुनै खेल भएन।चाइनिज ताइपेईलाई उसकै गृहमैदानमा गएर २-० ले पराजित गर्नु उक्त छनोटको मुख्य विशेषता रह्यो। जुन दुवै गोल अञ्जन विष्टले गरेका थिए। अमेरिका, क्यानडा र मेक्सिकोले संयुक्त रुपमा आयोजना गर्ने २०२६ विश्वकपको लागि सन् २०२३ देखि छनोट प्रतियोगिता शुरु हुनेछ। नेपालले २०२३ को सेप्टेम्बरमा खेल्ने पक्का भइसकेको छ। कुन कुन प्रतिद्वन्द्वीसँग खेल्ने हो भन्ने चाहिँ कतार विश्वकप पछि थाहा हुने नै छ ।विविसी



बारामा मतदातालाई सहयोग गर्न बसेका पार्टी प्रतिनिधिहरु। *तस्विर : शारधा पोखरेल - मधेशदृष्टि*

# पर्सामा ५५ प्रतिशत मतदात, मतगणना आजबाट

मधेशदृष्टि
वीरगंज, मंसिर ४ ।
पर्सा जिल्लामा शान्तिपूर्ण रुपले प्रतिनिधि तथा प्रदेश सभा सदस्यको निर्वाचनमा मतदान सम्पन्न भएको छ । पर्सामा करिव ५५ प्रतिशत भन्दा बढी मत खसेको पर्साका मुख्य निर्वाचन अधिकृत विनोद प्रसाद पोखरेलले जानकारी दिए ।
आधिकारीक विवरण जिल्लामा खटिएका निर्वाचन अधिकृतहरुले दिनेकम जारी रहेको र प्रारम्भीक अनुमानको आधारमा पर्सामा ५५ प्रतिशत भन्दा बढी मत खसेको पोखरेलले बताए ।
बिहान ७ बजेदेखि सुरुभएको मतदान साझँ ५ बजे सम्पन्न भएसंगै मतपेटिकाहरु शिलबन्दी गरी मुचुल्का उठाएर मतगणस्थलमा पुर्याउने कार्यमा कर्मचारी जुटेको अधिकृत पोखरेले जानकारी दिए ।
पर्सा जिल्लामा ५५ प्रतिशतको हाराहारीमा मात्रै मत खस्नुले जिल्लामा निर्वाचनप्रति मतदाताहरुको निराशा रहेको देखिएको छ। गत स्थानीय तहको निर्वाचनमा मतदाताहरुको उत्साहजनक सहभागिता रहे पनि यसपटकको निर्वाचनमा मतदाताहरुको सहभागिताले निराशा देखिएको भेटिएको छ। अघिल्लो निर्वाचनबाट निर्वाचित भएको प्रतिनिधिहरुले मतदाता सामु थुप्रै प्रतिबद्धता गर्रेपनि जनताको मन जित्ने खालका कार्यहरु गर्न नसक्दा आम नागरिकमा निराशा छाएको बुद्धिजिवीहरुको भनाई छ ।
पर्सामा निर्वाचन सम्पन्न गरेसँगै मतगणनास्थलमा मतपेटिकाहरु ल्याउने कम सुरु भएको छ। मतगणनास्थललाई सुरक्षित बनाउन तारजाली र सिसीटिभी क्यामेरा जडान गरिएको छ । पर्सा जिल्लाका ४ निर्वाचन क्षेत्र मध्ये क्षेत्र नम्बर १ र २ को ठाकुर राम बहुमुखी क्याम्पस परिसर भित्र तथा क्षेत्र नम्बर ३ र ४ को जिल्ला उच्चांगल माविको हाताभित्र मतगणना गरिने हुँदा मतगणना स्थलमा कडा सुरक्षाका लागि तारजाली र सिसीटिभी क्यामेरा जडान गरिएको पर्साका मुख्य निर्वाचन अधिकृत विनोद कुमार पोखरेल जानकारी दिए । मतगणनास्थलमा सुरक्षा व्यवस्था कडा गर्ने गरी तार जाली र सिसीटिभी क्यामेरा जडानको काम सम्पन्न भएको पोखरेलले बताउनु भयो। आज साँझ ५ बजे पछि निर्वाचन सम्पन्न भएसँगै क्षेत्र नम्बर १ र २ का मत पेटिकाहरु शिलबन्दी गरी वीरगंजको ठाकुरराम क्याम्पसमा पुर्याउने र क्षेत्र नम्बर ३ र ४ को पोखरीया स्थित जिल्ला उच्चाङ्गल माविमा मत पेटिकाहरु पुगि सकेपछि सर्व दलिय सहमतिको आधारमा मंसिर ५ गते विहान ७ बजे सर्वदलिय वैठक बस्ने र बैठक सम्पन्न भएसँगै ५ गते ८/९ बजे देखि मतगणना शुरु गरिने कार्यक्रम तय गरिएको मुख्य निर्वाचन अधिकृत पोखरेलले बताए ।
आइतबार भएको निर्वाचनमा पर्सामा ३ लाख ४५ हजार ९ सय २८ जना मतदाता रहेका छन् । जिल्ला निर्वाचन कार्यालय पर्साका अनुसार पर्साको निर्वाचन क्षेत्र नं १ मा पुरुष ४४ हजार ९९, महिला ३३ हजार ५ सय ७८ र अन्य २ जना गरी ७७ हजार ८ सय ७९ जना मतदाता रहेका छन्। क्षेत्रमा ३४ वा मतदानस्थल र ८८ वटा मतदान केन्द्र छन्।
यसैगरी, पर्सा क्षेत्र नं २ मा पुरुष ४९ हजार ७५, महिला ३७ हजार ८ सय ८७ र अन्य ४ जना गरी ८६ हजार ९ सय ६६ मतदाता छन्। यो क्षेत्रमा ३८ वटा मतदानस्थल र १०३ वटा मतदान केन्द्र रहेको जिल्ला निर्वाचन कार्यालय, पर्साले जनाएको छ ।
पर्सा क्षेत्र नं ३ मा पुरुष ५१ हजार ३ सय ६६, महिला ३९ हजार ६२ र अन्य ४ जना गरी ९० हजार ४ सय ३२ मतदाता छन् भने यो निर्वाचन क्षेत्रमा ४७ वटा मतदानस्थल र १०९ वटा मतदान केन्द्र छन्। पर्सा क्षेत्र नं ४ मा पुरुष ५० हजार ३ सय ६४, महिला ४० हजार ४ सय ८१ र अन्य छ जना गरी ९० हजार ८ सय ५१ जना मतदाता रहेका छन् । यहाँ ४८ वटा मतदानस्थल र ११२ वटा मतदान केन्द्र रहेको जिल्ला निर्वाचन कार्यालयले जानकारी गराएको छ । पर्सा जिल्लामा सबैभन्दा बढी मतदाता क्षेत्र नं ४ मा रहेको छ

# रौतहटमा ६५ प्रतिशत मतदान, दुई केन्द्रमा गोली चल्यो

मधेशदृटि
सिरहा, मंसिर ३



मुकेश कुमार साह
रौतहट ४,मङ्सिर
प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनकालागि भएको मतदानमा रौतहटमा करिव ६५ प्रतिशतमत खसेको छ ।
जिल्लानिर्वाचन अधिकारी छोटेलाल दासका अनुसार ६५ प्रतिशत मतदान भएको हो । रौतहटमा चार प्रतिनिधिसभा र आठ प्रदेशसभा निर्वाचन क्षेत्र छन् । सामान्य झडप बाहेक शान्तिपूर्ण रूपमा मतदान सम्पन भएको दासले जानकारी गराए ।
रौतहटको दुईवटा मतदान केन्द्रमा गोलीचलेको छ । गुजरा नगरपालिका ४ को मतदान केन्द्रमा गोलिचलेको हो । सो मतदान केन्द्रमा सामान्य स्थिति बनाउन ठूलो सख्यामा सुरक्षाकर्मी खटाइएको थियो ।
यस्तै गरुडा नगरपालिका ६ अमरपटिमा स्वतन्त्र उम्मेदवारका समर्थकहरुद्धारा मतदान स्थलबाहिर झै झगडा गर्न थाल्दा सुरक्षामा खटिएका सुरक्षाकर्मीले पेस्तोलबाट दुई राउण्ड गोलीहवाई फायर गरेर अवस्थालाई नियन्त्रणमा लिएको प्रमुखजिल्ला अधिकारी कृष्णबहादुर शाहीले बताए। प्रजिअशाहीका अनुसार रौतहटमा शान्तिपूर्ण र धाँधलीरहित रुपमानिर्वाचन सम्पन्न भएको छ ।मतदान स्थलमा शान्तिपूर्ण रुपमा मतदाताहरुले मत खसाएको बताउदै उनले दुई तिन स्थानमा मतदातालाई प्रभावित पार्न खोज्ने अवस्थामा सुरक्षामा तैनाथ रहेका कुनै अप्रिय घटना नघटेको उनले जानकारी दिए । जिल्ला भर कुल चार लाख७ हजार ९९२ मतदाता रहेका छन् । २ लाख २२ हजार ९ सय ४५ पुरुष तथा १ लाख ८५ हजार ४६ महिला र १ जना अन्य मतदाता यस जिल्लामा रहेका छन् । जिल्लामा ५ सय २३ मतदान केन्द्र रहेको छ।
रौतहटको ४ वटा क्षेत्रको मतगणना ४ स्थानबाट हुने छन् ।
रौतहट क्षेत्र नम्बर १ को जुद्ध माबि गौरमा मतगण्ना हुनेछ भने क्षेत्र नम्बर २ को लौकाहा माबिमा हुने भएको छ। यसैगरी क्षेत्र नम्बर ३ का कटहरिया माबिमा मत गणना हुनेछ भने क्षेत्र नम्बर ४ को जन ज्योती बहुमुखी क्यामपस चन्द्रनिगाहपुरमा मत गणना हुने जिल्ला निर्वाचन कार्यालय रौतहट गौरले जानकारी दिएको छ। २०७४ सालको निर्वाचनमा सबै क्षेत्रको मतगणना जुद्ध माबिगौरमा भएको थियो । यस बर्ष भने हरेक क्षेत्रमानिर्वाचन अधिकृतको कार्यालय खोलिएको छ ।

# पुर्वप्रधानमन्त्री नेपाल र पुर्वमन्त्री साहले गरे मतदान

मुकेश कुमार साह
रौतहट ४, मङ्सिर
नेकपा एसका अध्यक्ष तथा पुर्वप्रधान मन्त्रीमाधव कुमार नेपालले रौतहटको गौर वडा नम्वर २ मा मतदान गरेका छन् । गौर स्थित रामजानकि प्रावि नेता नेपालले बिहान मतदान गरेका छन् । पहिलो मतदाताको रुपमा उनले मत खसालेका हुन्। मतदानपछि संचारकर्मीहरुसँग कुराकानी गर्दै नेपालले शान्तीपुर्ण रुपमा सहभागी हुन र आफ्नो मताधिकार प्रयोग गर्न मतदातालाइ आग्रह गरे । मतदाताले आफ्नो विवेक प्रयोग गर्दै सही उम्मेदवार छान्न सफल हुनेमा आफु ढुक्क रहेको उनले प्रतिक्रिया दिए ।
यस्तै रौतहट क्षेत्र नं. ३ को प्रतिनिभि साभाको स्वतन्त्र उमेदवार पुर्वमन्त्री प्रभु साहले मौलापुर स्थित मौलापुर मतदान केन्द्रमा गई मतदान गरेका छन् । प्रतिनिधि सभा/प्रदेश सभा निर्वाचन २०७९ मा आफ्नो सहभागिता सुनिश्चित गर्न पुर्वमन्त्रीप्रभु साहले आग्रह गरेका छन् । अमुल्यमतको सदुपयोग गरी क्षेत्रसहित देशलाई सहीमार्गदर्शन गर्नका लागिमतदानमा सामेल हुन नेता साहले अपिल गरेकाथिए। साहयस अघि ३ चोटि निर्वाचित भईसकेका छन् ।



# मुख्यमन्त्री राउत ‘भर्सेज’ कुर्मी



मधेशदृष्टि
वीरगंज ४ मंसिर ।.
मधेस प्रदेशका मुख्यमन्त्री लालबाबु राउत लड्नुभएको पर्सा क्षेत्र न. १ को ख मा कडा प्रतिस्पर्धा हुने भएको छ । वीरगंज महानगर पालीकाका ९ वटा वडा रहेको सो क्षेत्रको खसेको मतको गणना गर्दा २३ हजार ९१ मत खसेकोमा काग्रेसका उम्मेदवार रामनारायण कुर्मि सँग राउतको कडा प्रतिस्पर्धा हुने देखिएको छ ।
प्राप्त पछिल्लो जानकारी अनुसार राउतको क्षेत्रमा पर्ने वडा नं २ मा २८६५ वडा नं ४ मा १४६५ वडा नं ५ मा १२८० वडा नं ७ मा १४७० वडा नं ८ मा १९२५ वडा न. ११ मा २७२४ वडा नं १२ मा २९०१ वडा नं १५ मा ३२४७ र वडा नं १६ मा ५२१४ मत खसेको र जम्मा २३०९१ मत रहेको छ ।
सो क्षेत्रबाट मुख्य मन्त्री राउतलाइ बढि भोट आउने भएपनि मधेस आन्दोलन कै रापतापमा नेता भएका ससि कपुर मियाँ र ओम प्रकाश सरार्फ स्वतन्त्र उम्मेदवार भइ राउतको भोट काट्ने सम्भावना देखिएको हुँदा कांग्रेसका कुर्मि र मुख्यमन्त्री राउत वीच कडा प्रतिस्पर्धा देखिएको हो ।

S S Product
माधो एग्रो
धान थ्रेसर



तोरी, मकै, भटमास, समेत दाइ गर्न सकिने

हामी कहाँ ब्रह्मपुरीको हैरो, लेब्लर, कल्टीभेटर तथा अन्य कृषि उपकरणहरु समेत पाइन्छ ।

कुनै पनि कम्पनीको पुरानो थ्रेसर ल्याउनुहोस् ।
नयाँ थ्रेसर मात्र रू. २,२५,000।- मा लिएर जानुहोस् ।

माधो एग्रो थ्रेसरको विशेषताहरू:
१. ८ गेजको चादरबाट टापा निर्माण गरिएकोले बढी टिकाउ हुने ।
२. १ घण्टामा ८० देखि १०० मनसम्म धान झार्न सकिने ।
३. पराल लामो तथा टाढा सम्म फाल्न सकिने ।
४. १ सिजनको पूर्ण वारेन्टी भएको ।
५. सुकेको र गिलो भएको धान सजिलै संग सफा झार्न सकिने ।
६. खेत तथा घरदैलोमा समेत २४ औं घण्टा कम्पनीको मेकानिकबाट रेखदेखको व्यवस्था ।
७. स्पेयर पार्टसहरु सजिलै सँग उपलब्ध हुने ।
८. डबल फ्लाइव्हिल जडान गरिएको ।
९. ड्रम साइज ६ तथा ६.५ फिटमा उपलब्ध ।
१०. I.S.O. बाट प्रमाणित भएको ।

* शर्तहरु लागु हुनेछ ।

सम्पर्क: त्रिशक्ति ट्रेडर्स, प्रतिमा चौक, वीरगंज, मो.नं. ९८५५०२१२८१
शाखा कार्यालय: भरतपुर, चितवन, ९८५५०३७०९९

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका-१५, दर्ता नं. ३११-०७९/८०, सम्पर्क ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम उ.म.न.पा. वडा नं.-२, कदमचौक (नेपाल), E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, प्रधान सम्पादक : विश्वमणि पोखरेल